नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218

9802592799

9803474311

9817806395



● वर्ष ४ ● अंक १५२ ● २०८३ साल वैशाख ०८ गते मंगलबार ● Tuesday 21, April 2026 ● सूर्योदय: बिहान ०५:३६ बजे ● सूर्यास्त: साँझ ०६:३२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


## प्रहरी उपरीक्षक केसीको विवादास्पद फोन संवादमा छानबिन सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीले सर्वसाधारणलाई गालीगलौज र धम्की दिएको भनिएको फोन संवाद सामाजिक सञ्जालमा भाइरल भएपछि छानबिन सुरु गरिएको छ।



मधेश प्रदेश प्रहरी कार्यालयले वरिष्ठ प्रहरी उपरीक्षक कमल थापाको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको हो। मधेश प्रदेश प्रहरी प्रमुख गोविन्द थपलियाले घटनाबारे सत्यतथ्य

*बाँकी पृष्ठ २ मा*

# घर भत्काइएपछि अस्तव्यस्त वीरगंज, पीडितहरु अदालतमा जाने तयारीमा



भत्काएको छ । सरकारी कार्यालयका भवनमा समेत डोजर लगाएर चलाइएको अभियानमा १ हजार २ सय घर भत्किएपछि वीरगंज अस्तव्यस्त भएको छ । गण्डक क्षेत्रदेखि भन्सार क्षेत्रसम्मको ७ किलोमिटर क्षेत्रमा एकसाथ पाँच ठाउँबाट १० वटा डोजरले घर टहरा भत्काइएको हो। सडक डिभिजनले १ हजार २ सय ८५ घर भत्काउने भने पनि १ हजार २ सयको हाराहारीमा आइतबार घर भत्काएपछि सर्वसाधारणको सडकमा बास भएको छ। अर्कातिर भत्किएको धूलो, फोहोर र सामग्रीले बजार नै अस्तव्यस्त भएको छ। अस्तव्यस्त देखिएको वीरगंज बजार सरसफाइमा महानगरले काम सुरु गरेको छ।

यता, ७ किलोमिटर क्षेत्रका सर्वसाधारण सोमबार बिहानै बैठकमा जुटेका छन् र सरकारलाई मुद्दा दर्ता गर्ने छलफल भइरहेको बताइएको छ । जिल्ला प्रशासन कार्यालय, वीरगंज महानगरपालिका र सडक डिभिजन कार्यालयलाई संयुक्तरुपमा मुद्दा हाल्ने छलफल भइरहेको एक घरधनीले बताए। घर भत्काइएपछि फोहोर हटाउन मजदुरको अभाव देखिएको छ भने अर्कातिर घरका सामानहरु चोर्ने क्रम बढेको छ। चोरको बिगबिगी भइरहेको छ। घर भत्किएका कारण आइतबारदेखि नै विद्युत् सेवा अवरुद्ध भएको थियो । विद्युत् नभएपछि पानीको चरम अभाव देखिएको छ। इन्टरनेट सेवा पनि प्रभावित भएको छ। सोमबार पनि वीरगंजको गण्डक क्षेत्रमा घर भत्काउने कार्य भएको थियो।

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले वडा नम्बर १२ मुर्ली चोकदेखि नेपाल आयल निगम क्षेत्रीय कार्यालयसम्मको सडक विस्तार कार्य अदालतको आदेशपछि तत्कालका लागि रोकिएको छ । महानगरपालिकाले सोमबार अपरान्हदेखि सडक खण्ड विस्तार गर्ने तयारी गरेको थियो। तर तीन जना घरधनीले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा रिट निवेदन दायर गरेपछि अदालतले सडक विस्तार कार्य नगर्न अन्तरिम आदेश (स्टे अर्डर) जारी गरेको हो।

मेयर राजेशमान सिंहका प्रेस सल्लाहकार नवराज फुयाँलका अनुसार अदालतको आदेशपछि मुर्ली चोकदेखि आयल निगमसम्मको भित्री सडक विस्तार कार्य स्थगित गरिएको छ । महानगरपालिकाले यसअघि आइतबार सार्वजनिक सूचना जारी गर्दै सडकलाई १० मिटर चौडा (मध्यभागबाट दायाँ–बायाँ ५–५ मिटर) बनाउन संरचना हटाउन २४ घण्टे अल्टिमेटम दिएको थियो।

आयल निगमदेखि सबाह अन्सारीको घरसम्मको खण्ड विस्तार भइसकेको र बाँकी खण्ड पनि विस्तार गर्ने तयारी गरिएको थियो । महानगरका अनुसार २०८१ माघ १३ गते नै सार्वजनिक सूचना जारी गरी संरचना हटाउन आग्रह गरिएको भए पनि विभिन्न कारणले कार्य अघि बढ्न सकेको थिएन । अदालतको आदेशपछि बाँकी संरचना हटाउने र विस्तार कार्य हालका लागि स्थगित भएको महानगरले जनाएको छ।

यता, सडक डिभिजन कार्यालय हेटौँडाले त्रिभुवन राजपथको हेटौँडा वीरगंज सडकका अतिक्रमित घर टहरा हटाउने अभियान अन्तर्गत आइतबार बिहानै वीरगंजमा घरटहरा

# विश्वविद्यालयमा दलीय राजनीति निषेध गर्न प्रधानमन्त्रीको निर्देशन



**काठमाडौँ।**
प्रधानमन्त्री वालेन्द्र शाहले विश्वविद्यालय र स्वास्थ्य क्षेत्रका शैक्षिक संस्थाहरूमा दलीय विद्यार्थी र कर्मचारी सङ्गठनका संरचना हटाउने निर्णय तत्काल कार्यान्वयन गर्न निर्देशन दिएका छन् । उनले सोमबार विश्वविद्यालय र प्रतिष्ठानहरूमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान लिँदै दलीय विद्यार्थी र कर्मचारी सङ्गठनका संरचना हटाउन उपकुलपतिहरूलाई निर्देशन दिएका हुन्।

प्रधानमन्त्री शाहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार देशभरिका विश्वविद्यालय र प्रतिष्ठानका उपलकुलपतिहरूसँग साढे ३ घण्टासम्म समसामियक विषयमा छलफल गरेका थिए। त्यस क्रममा उनले राजनीतिक दलसँग आबद्ध विद्यार्थी तथा कर्मचारी सङ्गठनहरूको संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट पारे।

'हामीले राजनीतिक दलसँग आबद्धता भएका विद्यार्थी सङ्गठनहरू खारेज गर्न निर्देशन दिएका हौँ। अस्पताल, क्याम्पस, विद्यालय जस्ता संस्थामा राजनीति गर्ने होइन। कुनै पनि दलको झण्डा, प्रभाव वा सङ्गठन राख्न दिनुभएन। साँच्चै राजनीति गर्ने हो भने आफ्नो पेसागत जिम्मेवारीबाट अलग हुनुपर्यो र पूर्ण रूपमा राजनीतिमा लाग्नुपर्यो,' प्रधानमन्त्री शाहले भने।

छलफलमा उपकुलपतिहरूले जेनजी आन्दोलन र चुनावपछि विद्यार्थी राजनीतिक गतिविधि सुस्त भएको र त्यस्ता सङ्गठन हटाउन पहल भइरहेको बताएका थिए । नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा.धनेश्वर नेपालले विद्यार्थीको राजनीति हस्तक्षेप, आक्रमण र तालाबन्दी हटाउनुपर्ने माग गरे।

उनले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनअनुसार विद्यार्थी सङ्गठन हटाउन खोज्दा उल्टै धम्की आएको गुनासो गरे । प्रा.डा. नेपालले भने, 'हामीले माथिको निर्देशन पालना गर्न खोज्दा विद्यार्थीले तालबन्दी गर्ने, हामीलाई आक्रमण गर्न जस्ता धम्की आएका छन्, यसबाट असुरक्षित महसुस भएको छ।'

जवाफमा प्रधानमन्त्री शाहले कुनै पनि राजनीतिक विद्यार्थी र कर्मचारी सङ्गठन खारेज गर्दा सुरक्षालगायत कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिए । 'विद्यार्थी सङ्गठन खारेज गर्दा तपाईंहरूलाई सुरक्षा संयन्त्रलगायत जे आवश्यक छ त्यसमा सरकारको पूर्ण सहयोग हुनेछ । ढुक्क भएर आफ्नो जिम्मेवारी पूरा गर्नुहोला । प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्नेछ,' उनले भने।

यस्तै, परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्न निर्देशनसमेत दिए । उनले भने, 'शैक्षिक क्यालेन्डरअनुसार पढाउनु पर्यो। एक दिन पनि दायाँबायाँ गर्न भएन।'

छलफलमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले ऐनले राजनीतिक दलसँग आवद्ध सङ्गठन खारेज गर्न बाधा नपुर्याउने बताए। उनले राजनीतिक सङ्गठन खारेज गर्न निर्देशन दिइसकिएको र सोहीअनुसार काम गर्नुपर्नेमा जोड दिए।

मन्त्री पोखरेलले विद्यालय तथा विश्वविद्यालयका ऐनमा 'स्वतन्त्र विद्यार्थी युनियन' को परिकल्पना गरिए पनि त्यसले दलगत विद्यार्थी भन्ने अर्थ मात्र लगाउन नहुने धारणा राखे । 'मैले विभिन्न विश्वविद्यालयका ऐनहरू हेर्दा पनि यही व्यवस्था स्वतन्त्र विद्यार्थी युनियनको व्यवस्था छ, तर त्यो भनेको कुनै विशेष सङ्गठन नभई विद्यार्थीहरूको आवाज प्रतिनिधित्व गर्ने एउटा स्वतन्त्र संरचना हो। त्यसैले हामीले भनेको 'भ्वाइस अफ स्टुडेन्ट' पनि यही अवधारणाभित्र पर्छ। यस हिसाबले कुनै ऐनले बाधा पु¥याउँछ जस्तो लाग्दैन,' उनले भने, 'हामीले तत्काल खारेज गर्न खोजेको राजनीतिक दलसँग आबद्ध विद्यार्थी सङ्गठन हुन्, विद्यार्थीको आवाज बोल्ने स्वतन्त्र विद्यार्थी युनियनजस्ता संस्थालाई होइन।'

छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक अर्यालले जेन्जी आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी सङ्गठन निस्कृय बन्दै गएको बताए । मध्यमपश्चिम विश्वविद्यालयका उपलकुपति प्रा. डा. ध्रुवकुमार गौतमले पनि पछिल्लो समय आफ्नो विश्वविद्यालयमा विद्यार्थी र कर्मचारीका राजनीतिक गतिविधि सेलाउँदै गएको तर कतिपय आङ्गिक क्याम्पसमा विद्यार्थीको राजनीतिक तनाव कायमै रहेको बताए।

पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा. डा. विजुकुमार थपलियाले आङ्गिक क्याम्पसहरूमा विद्यार्थी समूहले राजनीति गरिरहेको बताए । सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. हेमराज पन्तले थपलियाको कुरामा सहमति जनाए। अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्ना संस्थाहरूमा विद्यार्थी र कर्मचारीहरू राजनीति गतिविधिबाट टाढा रहेको उल्लेख गरे । उनहरूले विश्वविद्यालय र प्रतिष्ठान कडाइका साथ प्रस्तुत भएमा कुनै पनि बहानामा राजनीति नहुने धारणा राखे।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं ८६ मा उल्लेख भएअनुसार विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउन एवम् राजनीतिक दलका भातृ सङ्गठनका रूपमा विश्वविद्यालयमा स्थापना भएका विभिन्न विद्यार्थी सङ्गठनका गतिविधि निस्तेज गर्न यसअघि नै निर्देशन दिइसकेको छ।

सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न विद्यालय, विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउने उल्लेख गरिएको छ। यस्ता संरचना हटाई 'विद्यार्थी परिषद्–विद्यार्थीको आवाज' संयन्त्रको विकास गर्ने उल्लेख छ।

# दरबन्दी सिर्जना गर्न संघ सरकारसँग माग

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेशको शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले विद्यार्थी संख्याको अनुपातमा विद्यालयहरूमा शिक्षक दरबन्दी सिर्जना गर्न संघ सरकारसँग माग गरेकी छन्।

जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत विद्यालय, ज्ञानकुपको ११७औँ वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री तिवारीले मधेशका अधिकांश विद्यालयमा शिक्षक अभाव रहेकाले शिक्षा क्षेत्र अपेक्षित रूपमा सुधार हुन नसकेको बताइन् । उनले मधेशमा शिक्षक–विद्यार्थी अनुपात अत्यन्त असन्तुलित रहेको उल्लेख गर्दै भनिन्, '५० विद्यार्थीमा १ शिक्षक हुनुपर्ने मान्यता रहे पनि अहिले मधेशका विद्यालयहरूमा ११७ विद्यार्थीमा १ शिक्षक मात्र उपलब्ध छन्।'

मन्त्री तिवारीले शिक्षक अभावको समस्या समाधानका लागि संघ सरकारले नयाँ दरबन्दी सिर्जना गर्नुपर्नेमा जोड दिइन्। साथै, यदि संघ सरकारले दरबन्दी थप गर्न नसक्ने हो भने सो अधिकार प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने उनको भनाइ थियो।

उनले नयाँ शैक्षिक सत्र सुरु हुनुअघि नै शिक्षक व्यवस्थापनका लागि आवश्यक पहल गर्न सरकार अग्रसर हुनुपर्ने आवश्यकता औँल्याइन्। साथै संघ सरकारले अघि सारेको १०० बुँदे योजनामा शिक्षा सुधारका विषयलाई प्राथमिकतामा राख्नुपर्नेमा पनि जोड दिइन्।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक संजय झाले विद्यालयले ११७ वर्षको यात्रामा विभिन्न उतारचढाव पार गर्दै आएको उल्लेख गर्दै हाल पुनः विद्यार्थीहरूको आकर्षणको केन्द्र बनेकोमा खुशी व्यक्त गरे। उनका अनुसार एक समय विद्यार्थी अभाव झेल्दै आएको विद्यालय अहिले समुदाय र अभिभावकको सहयोगले भरिभराउ भएको छ र नमूना विद्यालयका रूपमा विकसित भइरहेको छ।

वार्षिकोत्सवको अवसरमा विद्यालयले ११ जना उत्कृष्ट छात्रालाई साइकल वितरण गरेको छ। त्यस्तै कक्षा १२ मा विज्ञान संकायमा अध्ययनरत ९ जना छात्रालाई प्रतिव्यक्ति १० हजार रुपैयाँका दरले छात्रवृत्ति प्रदान गरिएको छ। साथै शिशु कक्षादेखि कक्षा १२ सम्मका प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको विद्यालयले जनाएको छ।

जनकपुरधाम उपमहानगरपालिका ८का वडाध्यक्ष दिनेश सिंहको अध्यक्षतामा भएको कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईटेल, शिक्षा निर्देशनालय मधेशका निर्देशक महेन्द्र महतो, शिक्षा विकास तथा समन्वय ईकाई धनुषाका प्रमुख चेतकुमार पोखरेल सहितको उपस्थिति रहेको थियो।

# भन्सारमा कडाइका कारण उपभोक्ता मारमा, बढ्या महंगी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
एक सय रुपैयाँभन्दा माथिका सामानमा अनिवार्य भन्सार तिर्नुपर्ने सरकारी निर्णय कडाइका साथ लागू भएपछि सीमावर्ती क्षेत्रका नागरिकहरू समस्यामा परेका छन्।

एकातर्फ सिमानामा सुरक्षाकर्मीको कडा निगरानी बढाइएको छ भने अर्कोतर्फ स्वदेशी बजारमा मागअनुसार सहज आपूर्ति हुन सकेको छैन। यसले दैनिक उपभोग्य सामग्रीको मूल्य अप्रत्याशित रूपमा बढाएको स्थानीय उपभोक्ताहरू बताउँछन्।

भडरिया नाका, जहाँ एक साताअघिसम्म उल्लेख्य चहलपहल देखिन्थ्यो, अहिले सुनसान जस्तै बनेको छ। सय रुपैयाँभन्दा बढीका सामानमा भन्सार अनिवार्य गरिएपछि सीमापारि हरिने बजार किनमेल गर्न जानेहरूको संख्या घटेको छ।

यस कडाइको सबैभन्दा ठूलो असर न्यून आय भएका उपभोक्तामा परेको छ । भारतीय बजारबाट सस्तोमा किनमेल गरेर केही राहत पाउँदै आएका उनीहरू अहिले नेपाली बजारमा १५ देखि ३० प्रतिशतसम्म बढी खर्च गर्न बाध्य भएका छन् । उदाहरणका रूपमा, भारतीय बजारमा सस्तो पाइने प्याज, चामल, दाल, चिनी, तेल र मसला जस्ता सामग्री अहिले महँगो मूल्यमा किन्नुपर्ने अवस्था सिर्जना भएको छ। स्थानीयका अनुसार, सस्तो मूल्यमा उपलब्ध हुने सामग्रीमा मूल्य वृद्धि हुँदा दैनिक जीवनयापन कठिन बन्दै गएको छ। उनीहरूले अत्यावश्यक वस्तुमा केही छुट दिन सरकारसँग माग गरेका छन् । भन्सार तिर्ने व्यवस्था भए पनि सुविधा अभावले समस्या थपिएको छ। पहिले भडरिया छोटी भन्सार कार्यालय र महुवा छोटी भन्सार कार्यालय बाट ५ हजार रुपैयाँसम्मको सामानमा भन्सार काट्न पाइन्थ्यो। तर, गत माघदेखि ती कार्यालय खारेज भएपछि अहिले सामान्य सामानका लागि समेत करिब ७ किलोमिटर टाढा रहेको जटही भन्सार कार्यालय पुग्नुपर्ने बाध्यता छ। यसले समय र ढुवानी खर्च दुवै बढाएको छ।

यद्यपि, सरकारको यो कदमले राजस्व चुहावट नियन्त्रण, आन्तरिक बजार सुदृढीकरण र स्थानीय व्यवसाय प्रवद्र्धनमा सहयोग पुग्ने तर्क पनि गरिएको छ । तर, सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकहरूका लागि भने यसको प्रत्यक्ष असर दैनिक जीवनयापनमा देखिन थालेको छ।

# मुखियापट्टी मुसहरनिया गाउँपालिकाद्वारा नियमित पठनपाठनमा जोड

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मुखियापट्टी मुसहरनिया गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सबै विद्यालयमा नियमित पठनपाठन सञ्चालन गर्न कडाइका साथ निर्देशन दिएको छ । गाउँ कार्यपालिकाको कार्यालयद्वारा जारी सूचनामा सामुदायिक तथा संस्थागत विद्यालयलाई भर्ना अभियान प्रभावकारी रूपमा सञ्चालन गर्न आग्रह गरिएको छ। गाउँपालिकाका अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको निर्णयअनुसार शैक्षिक सत्र २०८३ का लागि भर्ना अभियान वैशाख १५ गतेदेखि ३१ गतेसम्म सञ्चालन हुनेछ । उक्त अवधिभित्र सबै विद्यालयले भर्ना प्रक्रिया पूरा गरी जेठ १ गतेदेखि नियमित कक्षा सञ्चालन गर्नुपर्ने स्पष्ट गरिएको छ । सूचनामा नेपालको संविधान तथा प्रचलित कानुनअनुसार आधारभूत र माध्यमिक तहको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा रहेको उल्लेख गर्दै गाउँ शिक्षा समितिको निर्णयबमोजिम यस्तो निर्देशन जारी गरिएको जनाइएको छ।

पाठ्यपुस्तक उपलब्ध नभए पनि कक्षाकोठामा आधारभूत रूपमा पढाइ सुरु गर्न शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई सचेत गराइएको छ । यसबाट शैक्षिक गतिविधि निरन्तर राख्न सहयोग पुग्ने गाउँपालिकाको विश्वास छ।त्यसैगरी, आइतबारदेखि शुक्रबारसम्म नियमित रूपमा विद्यालय सञ्चालन हुने सूचनामा उल्लेख गरिएको छ। विद्यार्थी भर्ना दर वृद्धि र पठनपाठनलाई प्रभावकारी बनाउन स्थानीय तहले सक्रियता बढाएको जनाइएको छ।यसअघि संघीय सरकारले सातामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय लागू गरिसकेको भए पनि गाउँपालिकाले स्थानीय आवश्यकता अनुसार आफ्नै कार्यतालिका कायम गरेको छ।




# एक जना अनमीको भरमा प्रसूति सेवा

**सिरहा ।**
सिरहाको नरहा गाउँपालिका–४ वर्छवामा रहेको प्रसूतिगृह (बर्थिङ सेन्टर) कर्मचारी अभावका कारण जोखिमपूर्ण अवस्थामा सञ्चालन भइरहेको छ । संवेदनशील स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने यस संस्थामा हाल एक जना अनमी मात्रै छन् ।

सामान्यतया एउटा व्यवस्थित प्रसूतिगृह सञ्चालनका लागि कम्तीमा दुई जना स्टाफ नर्स, एक जना स्वास्थ्य सहायक (एचए) र एक जना कार्यालय सहयोगी आवश्यक पर्छ । तर, यहाँ छैटौँ तहकी अनमी टीकादेवी ढुंगेलले एक्लै चौबिसै घण्टा सेवा दिनुपर्ने बाध्यता छ ।

भौतिक पूर्वाधारमा कमी नभए पनि पर्याप्त दक्ष जनशक्ति नहुँदा प्रसूतिगृहमा सेवाग्राहीको सङ्ख्या निकै न्यून छ । चालु आर्थिक वर्षको नौ महिनामा यहाँ केवल १९ जनाले मात्र सुत्केरी सेवा लिएका छन् । तीमध्ये ११ जना स्थानीय ‘सदाय’ समुदायका विपन्न महिला हुन्, जो अन्यत्र जान आर्थिक वा भौगोलिक रूपमा असमर्थ थिए ।

वर्छवा स्वास्थ्यचौकीका प्रमुख महेशकुमार रजक स्वास्थ्यकर्मी अभावले रातको समयमा निकै चुनौती हुने बताउँछन् । उनले भने, दिउँसो कार्यालय समयमा त हामी अन्य कर्मचारी पनि हुन्छौँ, केही सहज हुन्छ । तर सुत्केरी गराउन प्रायः राति आउँछन्, जुन बेला एक जनाको भरमा सम्भव नै हुँदैन । कहिलेकाहीँ उनी (अनमी) पनि बिदामा बसेको बेला त संस्था नै खाली हुने अवस्था छ ।

वर्षौंदेखि सेवा दिइरहेकी अनमी टीकादेवी ढुंगेलले पनि एक्लै काम गर्दाको सकस सुनाउँदै भनिन्, दिउँसो त्यति समस्या हुँदैन, तर रातको समयमा एक्लै सुत्केरी गराउनुपर्दा डर र जोखिम दुवै हुन्छ । कोही नभएपछि बिरामीको सेवाका लागि जे–जति सकिन्छ, गरिरहेकै छु ।

प्रसूतिगृहमा कर्मचारी अभाव देखाइरहँदा नरहा गाउँपालिकाले भने स्वास्थ्यका प्राविधिक कर्मचारीलाई प्रशासनिक काममा खटाएको छ । स्वास्थ्यतर्फका सिनियर अहेव अरुणकुमार सिंहलाई जिन्सी शाखा प्रमुखको जिम्मेवारी दिइएको छ भने अर्का कर्मचारी बैजनाथ साहलाई ५ नम्बर वडाको सचिव बनाइएको छ ।

यतिमात्र होइन, अन्य तीन जना स्वास्थ्यकर्मीलाई कुनै ठोस जिम्मेवारी नदिई स्वास्थ्य शाखामा ‘काज’मा राखिएको छ । यस सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत आदित्यकुमार कर्ण भने जनशक्ति अभावलाई नै मुख्य कारण भएको बताएका छन् । उनले भने, हामीसँग स्वास्थ्यतर्फका कर्मचारी कम भएकैले त्यहाँ थप जनशक्ति पठाउन नसकिएको हो । हामी व्यवस्था मिलाउँदैछौँ, चाँडै थप जनशक्ति पठाउने प्रयास गर्नेछौँ ।

प्रशासनिक पहुँच र राजनीतिक खिचातानीका कारण दक्ष स्वास्थ्यकर्मीलाई उनीहरूको कार्यक्षेत्रभन्दा बाहिर राख्दा दुर्गमका महिलाहरू सुरक्षित मातृत्वको अधिकारबाट वञ्चित भइरहेको स्थानीयको गुनासो छ । स्थानीय सकलदेव यावदले भने, पालिकाले पहुँचवाला स्वास्थ्यकर्मीलाई वडा र जिन्सी शाखामा आराम गराएर राखेको छ, तर हामीजस्ता गरिबका छोरीबुहारी सुत्केरी व्यथाले छट्पटाउँदा एउटा अनमीको भर पर्नुपर्छ । यो त सिधासिधा हाम्रो स्वास्थ्यमाथि खेलवाड हो ।

एक्लो अनमीको भरमा चल्ने यस्तो सेवाले कुनै पनि बेला दुर्घटना निम्त्याउन सक्ने जोखिम देखिएको स्थानीय बताउँछन् । उनीहरूले तत्काल स्वास्थ्यकर्मीको व्यवस्थापन गरी प्रसूतिगृहलाई पूर्ण क्षमतामा चलाउन माग गरेका छन् । रासस

## कृषि बिमा, मल र बजारीकरण सुधारमा जोड

**काठमाडौं।**
कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरणमन्त्री गीता चौधरीले कृषि क्षेत्रमा देखिएका समस्या समाधानका लागि परामर्श गरेकी छिन् । सोमबार उनले केरा उत्पादक किसानसँगको भेट गरी केरा उत्पादन, बजारीकरण, मल आपूर्तिलगायत विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । मन्त्री चौधरीले किसानलाई कृषि क्षेत्रमा टिकिरहन बिमा, उत्पादन र बजार व्यवस्थापनमा समन्वयात्मक ढङ्गले काम गर्नुपर्नेमा जोड दिनुभएको उहाँको सचिवालयले जनाएको छ।

छलफलमा मन्त्री चौधरीले नेपालमा उत्पादन हुने कृषि उपजलाई प्राथमिकता दिनुपर्ने र आपूर्ति व्यवस्थामा पारदर्शिता कायम गर्नुपर्नेमा जोड दिएकी थिइन् । उनले विश्वबजारमा रासायनिक मलको अभाव देखिएपनि सरकारले यसको सहज आपूर्तिका लागि पहल गरिरहेको जानकारी दिइन् । ‘अभावको बहानामा मूल्यवृद्धि गर्नु वैधानिक होइन, कालोबजारी नियन्त्रणमा सबैको सहयोग आवश्यक छ । त्यसका लागि सरकारले पनि आवश्यक सतर्कता अपनाइरहेको छ’, उनले भनिन्।

किसानहरूले भने बिमा, मल आपूर्ति, बजारीकरण र नीतिगत समस्याबारे गुनासो राख्दै बिमा भुक्तानीमा ढिलाइ, ‘प्रिमियम’ तिरे पनि क्षतिपूर्ति नपाइएको, प्राकृतिक विपत्तिबाट भएको क्षतिको राहत नपाएकालगायत विषयमा ध्यानाकर्षण गराएका थिए। केराखेतीमा संलग्न किसानले सीमामा कडाइ, मल अभाव र बजारमूल्यमा अस्थिरताका कारण समस्या भोग्नुपरेको गुनासो गरेका थियो ।रासस

# परवानीपुर गोल्डकपः
# वीरगंज युनाइटेडको सडेनडेथ जीत



**मधेशदृष्टि**
**परवानीपुर ।**
पाँचौं परवानीपुर गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत सोमबार सम्पन्न रोमाञ्चक खेलमा वीरगंज युनाइटेड क्लबले सडेनडेथमा जित निकाल्दै प्रतियोगितामा शानदार सुरुवात गरेको छ । परवानीपुर खेल मैदानमा भएको प्रतिस्पर्धात्मक भिडन्तमा वीरगंज युनाइटेडले चिडियादह स्टार क्लब, रौतहटलाई ४–३ गोल अन्तरले पराजित गरेको हो ।

खेलको सुरुवातदेखि नै दुवै टोलीले आक्रामक शैली अपनाउँदै एकअर्कामाथि लगातार दबाब सिर्जना गरेका थिए । निर्धारित समयभित्र दुवै टोलीले समान प्रदर्शन गरेपछि खेलको निर्णय ट्राइब्रेकरमार्फत गरिएको थियो । पेनाल्टी सुटआउटमा पनि बराबरी भएपछि खेल सडेनडेथतर्फ धकेलिएको थियो, जहाँ वीरगंज युनाइटेडले निर्णायक गोल गर्दै जित आफ्नो पक्षमा पारेको हो । खेलमा उत्कृष्ट प्रदर्शन गरेका वीरगंज युनाइटेडका गोलकिपर तबरेज अन्सारी ‘म्यान अफ दि म्याच’ घोषित भए । उनले २१ सय रुपैयाँ नगद पुरस्कार प्राप्त गरे, जुन पर्सा जिल्ला फुटबल संघका उपाध्यक्ष हेमन्त चौरसियाले प्रदान गरेका थिए ।

प्रतियोगिताअन्तर्गत मंगलबारको खेल नव जन जागृति युवा क्लब, सिमरा र रिगल एन्फा क्लब, मकवानपुरबीच हुने आयोजकले जनाएको छ । संयोजक संजय मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष चौरसियाले प्रतियोगिताको उद्घाटन गरेका थिए ।

वैशाख १२ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालका सात तथा भारतको एक गरी कुल आठ टोली सहभागी छन्, सहसंयोजक दीपक यादवले जानकारी दिए । ‘राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद’ भन्ने नारासहित आयोजना गरिएको प्रतियोगिता करिब १७ लाख रुपैयाँको लागतमा सञ्चालन भइरहेको छ । प्रतियोगितामा विजेता टोलीले २ लाख रुपैयाँ तथा उपविजेताले १ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

त्यसैगरी उत्कृष्ट डिफेन्डर, फरवार्ड, प्रत्येक खेलका उत्कृष्ट खेलाडी र समग्र प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई समेत नगद पुरस्कार प्रदान गरिने आयोजक क्लबका अध्यक्ष सुबोध श्रीवास्तवले बताएका छन् ।

# प्रादेशिक आयुर्वेद अस्पताल वीरगंजमा आईपीडी सेवा सुरु

मधेशदृष्टि
वीरगंज।
वीरगंजस्थित प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा अब अन्तरंग कक्ष (आईपीडी) सेवा पनि औपचारिक रूपमा सञ्चालनमा आएको छ । सोमबार मधेस प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल राय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम प्रसाद पटेलले संयुक्त रूपमा सेवा उद्घाटन गर्दै यसको सुरुवात गरेका हुन्।

उद्घाटन समारोहमा बोल्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री रायले आयुर्वेद तथा वैकल्पिक उपचार प्रणालीलाई सुदृढ बनाउनु वर्तमान आवश्यकताको विषय भएको उल्लेख गरे । आईपीडी सेवाको सुरुवातसँगै सर्वसाधारणले अझ गुणस्तरीय, सुरक्षित र सहज स्वास्थ्य सेवा प्राप्त गर्ने विश्वास उनले व्यक्त गरे। साथै, प्रदेश सरकारले आयुर्वेद क्षेत्रको विस्तारलाई प्राथमिकतामा राखेको पनि उनले बताए।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री पटेलले आयुर्वेदिक उपचार नेपाली जीवनशैलीसँग गहिरो रूपमा जोडिएको उल्लेख गर्दै यसको प्रवद्र्धनले स्वास्थ्य क्षेत्रसँगै जडीबुटी उत्पादन र कृषि क्षेत्रमा समेत सकारात्मक प्रभाव पार्ने धारणा राखे। उनले स्थानीय स्रोत र दक्षताको अधिकतम उपयोग गर्दै यस क्षेत्रलाई आत्मनिर्भर बनाउनुपर्ने आवश्यकता औंल्याए।

चिकित्सालयका प्रमुख डा. शिवनारायण प्रसाद गुप्ताले स्वागत मन्तव्य दिंदै अब अस्पतालले बिरामी भर्ना गरेर उपचार सेवा दिन सक्ने अवस्थामा पुगेको जानकारी दिए । उनका अनुसार आईपीडी सेवाले उपचार प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र विश्वसनीय बनाउने अपेक्षा गरिएको छ।

त्यस्तै, अस्पताल व्यवस्थापन तथा सञ्चालन समितिका अध्यक्ष अनिल प्रसाद सिंहले आईपीडी सेवा सुरु हुनु अस्पतालका लागि महत्वपूर्ण उपलब्धि भएको बताए। सीमित स्रोत र साधनका बीच पनि टिमको समन्वय र प्रतिबद्धताका कारण सेवा विस्तार सम्भव भएको उल्लेख गर्दै उनले आगामी दिनमा आयुर्वेद उपचारलाई अझ गुणस्तरीय र जनमुखी बनाउने प्रतिबद्धता व्यक्त गरे।

उद्घाटन कार्यक्रममा वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलम, वडाध्यक्ष रमेश यादव, नारायणी अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. चितरञ्जन साह, डा. पुनिता केसरी, नेपाल फोटो पत्रकार महासंघका केन्द्रीय सदस्य तथा नेपाल पत्रकार महासंघ पर्साका कार्यसमिति सदस्य राहुल गुप्ता, नागेन्द्र प्रसाद पटेल, विकास व्यवस्थापन समितिका सदस्य हिरालाल साह कानु, नेहा मिश्रलगायतको उपस्थिति रहेको थियो।

# नागरिक समाज क्षमता विकास कार्यक्रम सम्पन्न



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम**
सेभ द चिल्ड्रेन र सबल नेपालको आर्थिक सहयोगमा सञ्चालित ‘बाल अधिकारका लागि नागरिक समाज सबलीकरण परियोजना’ अन्तर्गत नागरिक समाज संस्थाका सदस्यहरूको लागि आयोजित दुई दिने क्षमता विकास कार्यक्रम जनकपुरधामस्थित वेलकम होटलमा सम्पन्न भएको छ।

कार्यक्रमको प्रथम दिन २०८३ वैशाख ०६ गते सबल नेपालका उपाध्यक्ष भुपेश कुमार साहको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको थियो। सो अवसरमा मुक्ति नेपालका अध्यक्ष देव कुमारी महराले स्वागत मन्तव्य राखेकी थिइन् भने सबल नेपालका फिल्ड म्यानेजर नीर बहादुर आलेले सहजीकरण गरेका थिए।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का सञ्जीव महतो र सेभ द चिल्ड्रेनका झम्मकेशवर ओझालगायतका प्रतिनिधिहरूले बाल अधिकार संरक्षण, नागरिक समाजको भूमिका तथा स्थानीय तहमा समन्वय र सहकार्य सुदृढीकरणबारे प्रशिक्षण तथा छलफल गरेका थिए।

दोस्रो दिन २०८३ वैशाख ०७ गते वार्षिक कार्ययोजना निर्माण तथा सुझाव संकलन सत्र सम्पन्न गरिएको थियो । सहभागीहरूले बालअधिकार कार्यान्वयनलाई प्रभावकारी बनाउन विभिन्न महत्वपूर्ण सुझावहरू प्रस्तुत गरेका थिए।


## प्रहरी उपरीक्षक केसीको विवादास्पद...

पत्ता लगाउन समितिलाई जिम्मेवारी दिइएको जानकारी दिए । समितिको विस्तृत प्रतिवेदनका आधारमा आवश्यक निर्णय लिइनेछ, दोषी देखिए कारबाही हुन्छ, उनले बताए।

आइतबार बिहानदेखि भाइरल भएको अडियोमा एसपी केसी र प्रह्लाद सिंह ‘विक्की’ बीचको संवाद रहेको बताइएको छ ।संवादमा तिलाठी कोइलाडी गाउँपालिका–४ निवासी सञ्चारकर्मी सिंहसँग कुरा गर्दै राजविराज नगरपालिका–३ का मुस्तकिम आलमलाई ल्याउन भन्दै अपशब्द प्रयोग गरिएको सुनिन्छ। संवाद सार्वजनिक भएपछि एसपी केसीको चौतर्फी आलोचना भइरहेको छ । आलमले सामाजिक सञ्जालमार्फत आफूविरुद्ध षड्यन्त्र गरिएको र एसपी केसीले फोनमार्फत धम्की दिएको आरोप लगाएका छन् । उनले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्।

यता एसपी केसीले भने रातिको समयमा सिंहले फोन गरेको स्वीकार गर्दै आफूले गालीगलौज वा धम्की नदिएको दाबी गरेका छन् । ‘संवाद तोडमोड गरिएको हुन सक्छ, मैले त्यस्तो केही भनेको छैन,’ उनले बताएका छन्।

# कटुवा पेस्तोलसहित एकजना पक्राउ



**राकेश यादव**
**रौतहट।**
रौतहट जिल्लाको बौद्धिमाइ नगरपालिका वडा नम्बर ७ स्थित मा इटा उद्योग नजिक बाटो बाट हथियार सहित एक जनालाइ प्रहरीले पक्राउ गरेको छ।

नेपाल भारतको सिमामा भारतबाट नेपाल तर्फ साना हातहतियार ओसार पसार गरी ल्याउने गरेको छ भन्ने बिशेष सुचनाको आधारमा गएको प्रहरी टोलीले चेकजाच गर्ने क्रममा कटुवा पेस्तौल सहित भारतीय नागरिकलाइ पक्राउ गरेको हो । माँ ईट्टा उद्योग नजिक बाटोमा चेकजाँच गरी राखेको अवस्थामा अं. १९:१५ बजेको समयमा देश भारत बिहार राज्य पुर्वी चम्पारण जिल्ला मौवाह ग्रामपंचायत चनारमण टोल बस्ने सनिचर दासको छोरा बर्ष अं.२० को सुर्य कुमार दासको शरीर कानून बमोजिम खान तलासी लिँदा निजले लगाएको पाईन्ट भित्र लुकाई छिपाई माथीबाट लगाएको भेष्टले छोपेको अवस्थामा नलकटुवा पेस्तौल थान–१ र भारतिय २ वटा सिम रहेको इउउय कम्पनीको मोबाईल थान–१ फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहट का प्रहरी नायव उपरिक्षक बिष्णु प्रदिप बस्यालले जानकारी दिएका छन्।


**“नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजतपत्रप्राप्त वित्तिय संस्था”**
**कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना**

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको प्रमुख शाखा, बिरगंज, पर्साबाट उपभोग गरेको विभिन्न कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिकएवं लिखित रुपमा पटक पटक तर तागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान गर्नुहुन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मितिभित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन, परिपत्रहरु, बैङ्कको कर्जा असुलिनीति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चलअचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घर घराना/चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणीहरु तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**

१) औषधी ऐन, २०३५ र औषधी दर्ता नियमावली २०३८ बमोजिम मिती २०७४ साल फाल्गुन महिना २८ गते रोज २ मा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था विभाग कार्यलयबाट दर्ता भै सि.नं. २१, र.प.नं. ३७४११२१०५५१४४, च.नं. ४५९ अन्तर्गत दर्ता कायम भएको तथा वीरगंज वडा नं १२, पर्सामा कार्यालय रहेको पान नं. ६०७१०२७४१ भएको **श्री अर्मत्यसेन फर्मास्यूटिकल्स (प्रोप्राइटर - संगिता देवीकलवार)**।

**कर्जाको सुरक्षण विवरण**

व. महेश प्रसाद कलवारको बुहारी श्री भिखारी प्रसाद कलवारको पत्नी जिल्ला बारा, प्रसौनी गा.वि.स वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने (ना.प्र.नं. ७४६७१३८७/८३४ र जारी मिति २०३६/०४/२८, जि.प्र.का बारा) **बर्ष ७२ की श्रीमती सावित्री देवी कलवारीन**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज उ.म.न.पा, मुर्लीवार्ड नं १५ स्थित किता नं.**६४** को जम्मा क्षेत्रफल ०,००१७६ व.मि. र रामगढवा वार्ड नं ०९ स्थित किता नं.**६५९, ६६३ र ६३१** को जम्मा क्षेत्रफल क्रमशः १००.७५ ,८.०० , १०.००को घरजग्गा ।

**प्रोप्राइटर तथाव्यक्तिगतजमानीकर्ताहरु :**

१) प्रोप्राईटर भिखारी प्रसाद कलवारको बुहारी, श्री अनिल कुमार साहको पत्नी स्थायी ठेगाना जिल्ला बारा, प्रसौनी गा.वि.स वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने (ना.प्र.न. ३२७६/२३५८, जारी मिति २०६०/१२/२७ जि.प्र.का. बारा) **बर्ष ४६ कीश्रीमती संगिता देवी कलवार ।**

२) स्व. महेश प्रसाद कलवारको नाती ,भिखारी प्रसाद कलवारको छोरा जिल्लाबारा, प्रसौनी वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने(ना.प्र.न. १३/२५२९,जारी मिति २०५१/११/३० जि.प्र.का. बारा) **बर्ष ४९ को अनिल कुमार साह ।**

३) श्री भिखारी प्रसाद कलवारको नातीनी श्री अनिल कुमार साहको छोरी जिल्ला बारा, प्रसौनी गा. पा वडा नं.२ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने (ना.प्र.न. ३३-०१-७६-०३१०२,जारी मिति २०७६/०३/०३जि.प्र.का. बारा) **बर्ष २३ को जया कुमारी कलवार ।**

४) स्व. महेश प्रसाद कलवारको बुहारी श्री भिखारी प्रसाद कलवारको पत्नी जिल्ला बारा, प्रसौनी गा.वि.स वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने (ना.प्र.नं.७४६७१३८७/८३४ र जारी मिति २०३६/०४/२८, जि.प्र.का बारा) **बर्ष ७२ की श्रीमती सावित्री देवी कलवारीन** ।

५) भिखारी प्रसाद कलवारको नातीनी श्री अनिल कुमार साहको छोरी स्थायी ठेगाना जिल्ला बारा, प्रसौनी गा.पा वडा नं.२ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने (ना.प्र.न. ३३-०१-७९-१२१२८, जारी मिति २०७९/१०/२९ जि.प्र.का. बारा) **बर्ष २० को सानिया साह ।**

६) स्व. गणेश प्रसाद कलवारको नाती, स्व. महेश प्रसाद कलवारको छोरा स्थायी ठेगाना जिल्ला बारा, प्रसौनी गा.वि.स वडा नं.४ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने (ना.प्र.न.७४६७१३८९/८३३, जारी मिति २०६३/०३/०५ जि.प्र.का. बारा) **बर्ष ७३ को भीखारी प्रसाद कलवार ।**

७) भिखारी प्रसाद कलवारको नाती, अनिल कुमार साहको छोरा स्थायी ठेगाना जिल्ला बारा, प्रसौनी गा.पा वडा नं.२ मा घर भई हाल जिल्ला पर्सा, वीरगंज, म.न.पा, वडा नं १२, मुर्लीमा बस्ने (ना.प्र.न. ३३-०१-७६-०३१०७, जारी मिति २०७६/०३/०३ जि.प्र.का. बारा) **बर्ष २४ को अमर्त्यसेन साह ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजतपत्रप्राप्त वित्तिय संस्था

प्रधानकार्यालयः
गीतामन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज, बदननगर (बिरगंज), बरहथवा (सर्लाही) , बर्दिबास (महोतरी) ।

# १०० रुपैयाँभन्दा बढी सामानमा भन्सार कडाइ

## सरकारको निर्णयविरुद्ध चौतर्फी असन्तुष्टि

**मधेशदृष्टि**
**वीरगंज।**
भारतीय बजारबाट १०० रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने नियमको कडाइका साथ कार्यान्वयन सुरु भएपछि सर्वसाधारणदेखि राजनीतिक दलसम्म असन्तुष्टि चुलिएको छ।

खुला सीमामा निर्भर रहेका सीमावर्ती बासिन्दा प्रत्यक्ष प्रभावित भएपछि यो विषय राजनीतिक बहसको केन्द्रमा पुगेको छ।

आइतबार बसेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सचिवालय बैठकमा समेत यो मुद्दा उठाइएको थियो। बैठकमा सचिवालय सदस्य दीपक बोहोराले अर्थमन्त्री स्वर्णिम वाग्लेसँग उक्त नियमको औचित्यमाथि प्रश्न उठाएका थिए।



यसैबीच, नेपाली कांग्रेसले पनि सरकारको निर्णयप्रति आपत्ति जनाउँदै विज्ञप्ति जारी गरेको छ।

कांग्रेसका प्रवक्ता देवराज चालिसेद्वारा जारी वक्तव्यमा यो कदम जनविरोधी, अव्यवहारिक र असंवेदनशील भएको उल्लेख गरिएको छ । सीमावर्ती क्षेत्रमा सस्तो सामान किनेर जीविकोपार्जन गर्ने मधेस प्रदेशका न्यून आय भएका नागरिक र साना किसानमाथि यसले थप बोझ थोपरेको कांग्रेसको आरोप छ।

महँगी चर्किएको वर्तमान अवस्थामा डिजेलको मूल्य प्रतिलिटर २३७ रुपैयाँ पुगिसकेको सन्दर्भ उल्लेख गर्दै कांग्रेसले सानो परिमाणको खरिदमा समेत कर लगाउनु गरिबीलाई झन् गहिरो बनाउने नीति भएको बताएको छ।

विवाद बढ्दै जाँदा सरकारका उच्च स्रोतले भने यो कुनै नयाँ नियम नभई झण्डै तीन दशकअघिदेखि अस्तित्वमा रहेको व्यवस्था मात्र कडाइका साथ लागू गरिएको दाबी गरेको छ।

यद्यपि, सीमावर्ती नागरिकहरूको असन्तुष्टिलाई ध्यानमा राख्दै यसलाई कसरी सहज बनाउने भन्नेबारे आन्तरिक रूपमा छलफल भइरहेको जानकारी पनि दिइएको छ।

उता, विपक्षी दलहरूले भने नीतिमा विभेद देखिएको भन्दै आलोचना गरेका छन् । हवाई मार्गबाट ठूलो परिमाणमा सामान भित्र्याउनेलाई सहजता दिइँदा साना उपभोक्तामाथि कर लगाइनु अनुचित भएको उनीहरूको भनाइ छ।

कांग्रेसले दैनिक उपभोग्य वस्तुमा भन्सार छुट दिन, इन्धन मूल्य नियन्त्रण गर्न र मधेश प्रदेशका लागि विशेष राहत प्याकेज ल्याउन सरकारसँग माग गर्दै निर्णय पुनर्विचार गर्न दबाब दिएको छ।

### वीरगंज मेनरोड विस्तारः

# विकासको गति तीव्र

## तर विस्थापितहरूको पीडा गहिरिँदै



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडक (मेनरोड) विस्तार अभियान अन्तर्गत आइतबार बिहानैदेखि डोजर परिचालन गरी गण्डक चोकदेखि मितेरी पुलसम्मका अतिक्रमित घर तथा पसल हटाउने कार्य सुरु गरिएको छ । त्रिभुवन राजपथअन्तर्गत पर्ने यस खण्डलाई २५÷२५ मिटर मापदण्डअनुसार फराकिलो बनाउने लक्ष्यसहित प्रशासन अघि बढेपछि सहरभर मिश्रित प्रतिक्रिया देखिएको छ।

केही स्थानीयले दीर्घकालीन विकासका लागि यस्तो कदम आवश्यक भएको स्वीकारेका छन् भने अन्यले भने पर्याप्त समय नदिई हतारमा संरचना हटाइएको भन्दै असन्तुष्टि जनाएका छन् । आदर्शनगरकी नूतन सरावगीले अदालतको निर्णयअनुसार सडक विस्तार हुनु सकारात्मक भएपनि कार्यान्वयनको तरिका पीडादायी रहेको बताइन् । 'हामी विकासका विरोधी होइनौँ, तर कम्तीमा १०–१५ दिनको समय दिएको भए घर, पसल र परिवार व्यवस्थापन गर्न सहज हुन्थ्यो,' उनले भनिन्। उनका अनुसार अहिले धेरै परिवार पानी, बिजुली र सुरक्षित बसोबासबाट समेत वञ्चित भएका छन्, जसले बिरामी, वृद्ध र नवजात शिशु भएका परिवारलाई झन् समस्यामा पारेको छ।

सडक डिभिजन कार्यालय हेटौँडाले सडकको मध्यभागबाट दायाँ–बायाँ २५÷२५ मिटर क्षेत्रभित्रका संरचना हटाउने काम भइरहेको जनाएको छ।

मितेरी पुलदेखि गण्डक नहर चोकसम्म डोजर, जेसीबी र एक्स्काभेटर प्रयोग गरी तोडफोड गरिएको हो । सहायक प्रमुख जिल्ला अधिकारी विनोद कुमार पोखरेलद्वारा हस्ताक्षरित सूचना शनिबार मात्रै जारी गरिएको थियो।

अधिकारीहरूले वीरगंजमा बढ्दो ट्राफिक जाम, साँघुरो सडक र अव्यवस्थित संरचनालाई व्यवस्थित बनाउन यो अभियान अपरिहार्य रहेको बताएका छन् ।

तर, साना व्यवसायीहरू भने प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । समिमा खातुनले केही महिनाअघि मात्रै ठूलो लगानीमा सुरु गरेको जुत्ता–चप्पल पसल गुमाउनुपरेको बताउँदै 'सामान मिलाउन एक दिन पनि समय नपाएर घाटामा बेच्नुपरेको छ,' भनिन्।

त्यस्तै, व्यवसायी सुशील शर्माले महँगोमा खरिद गरिएका कपडा सस्तोमा बेच्न बाध्य भएको गुनासो गरे । 'राखेर फाइदा छैन, बेचेर गुजारा चलाउनुपर्ने अवस्था छ,' उनले भने । सडक विस्तारप्रति उनीहरू सहमत भए पनि तयारीको समय नदिइएकोप्रति असन्तुष्टि रहेको देखिन्छ।

यो योजना वर्षौंदेखि अदालतमा विचाराधीन मुद्दाका कारण रोकिएको थियो । सर्वोच्च अदालतले सरकारको पक्षमा फैसला गर्दै रिट खारेज गरेपछि विस्तारको बाटो खुलेको हो । यसअघि पनि पटक–पटक सूचना जारी भए पनि कार्यान्वयन हुन सकेको थिएन।

तोडफोडको क्रममा धेरैले घर तथा पसलभित्रका सामान निकाल्न नपाउँदा ठूलो क्षति बेहोर्नुपरेको स्थानीयहरू बताउँछन् । साथै, विद्युत् लाइन अवरुद्ध हुँदा गर्मीमा सर्वसाधारण थप समस्यामा परेका छन् । नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रले वैशाख ६ देखि ८ गतेसम्म विद्युत् सेवा प्रभावित हुन सक्ने जनाएको छ । केही क्षेत्रमा सेवा पुनः सञ्चालन भए पनि पूर्ण रूपमा नियमित हुन समय लाग्ने बताइएको छ।

यता, केही स्थानीयले भने सडक विस्तारलाई भविष्यसँग जोडेर समर्थन जनाएका छन् । चन्दन यादवले 'अहिले केही क्षति भएपनि दीर्घकालमा वीरगंज सुन्दर र व्यवस्थित बन्नेछ,' भने । त्यस्तै, चन्देशर चौरसियाले पनि विकासका लागि यस्तो कदम सही भएपनि व्यवस्थापनका लागि समय दिनुपर्ने बताए।

वीरगंज महानगरपालिकाका अनुसार हालसम्म करिब १ हजार २ सय अतिक्रमित संरचना हटाइसकिएको छ। यस क्षेत्रमा २९ सरकारी भवन र झण्डै १ हजार २ सय निजी घर परेका छन्।

वर्षौंपछि सुरु भएको सडक विस्तारले सहर विकासको आशा जगाएको भएपनि प्रभावित नागरिकको पुनर्स्थापना, मुआब्जा र रोजगारी गुमेका श्रमिकहरूको व्यवस्थापन जस्ता विषयले गम्भीर बहस जन्माएको छ।

# मुर्ली चोक–आयल निगम सडक विस्तार रोकियो

## उच्च अदालतको स्टे अर्डरपछि योजना स्थगित

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वडा नम्बर १२ स्थित मुर्ली चोकदेखि उत्तरतर्फ नेपाल आयल निगमको क्षेत्रीय कार्यालयसम्म जाने सडक विस्तार कार्य सुरु हुन नपाउँदै रोकिएको छ । सोमबार अपरान्हदेखि १० मिटर चौडा बनाउने तयारीसहित अघि बढाइएको योजना अदालतको आदेशपछि तत्कालका लागि स्थगित गरिएको हो।

महानगरपालिकाले उक्त खण्डमा पर्ने सडकलाई मध्यभागबाट दायाँ–बायाँ ५÷५ मिटर गरी विस्तार गर्ने तयारी गरेको थियो । यसका लागि आइतबार नै सूचना जारी गर्दै २४ घण्टाभित्र (सोमबार दिउँसो ३ बजेसम्म) संरचना हटाउन घरधनीहरूलाई आग्रह गरिएको थियो ।तर सो क्षेत्रमा पर्ने तीन जना घरधनीले सडक विस्तार रोक्न माग गर्दै उच्च अदालत जनकपुर अस्थायी इजलाशमा रिट दायर गरेका थिए । सोही रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै अदालतले तत्काल सडक विस्तारको काम अघि नबढाउन आदेश (स्टे अर्डर) जारी गरेपछि योजना रोकिएको हो।




वीरगंज महानगरपालिकाका मेयरका प्रेस सल्लाहकार नवराज फुयाँलका अनुसार अदालतको आदेशपछि हालका लागि विस्तार कार्य स्थगित गर्न बाध्य हुनुपरेको हो । उनका अनुसार आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि मात्र पुनः काम अघि बढाइनेछ । महानगरपालिकाले यसअघि नै माघ १३ गते सार्वजनिक सूचना जारी गर्दै सो सडक विस्तार गर्ने जानकारी गराएको थियो। आयल निगम कार्यालयदेखि सबाह अन्सारीको घरसम्मको भाग विस्तार कार्य सम्पन्न भइसकेको र बाँकी खण्डमा पनि काम अघि बढाउने तयारी गरिएको थियो ।तर पटक–पटक अवरोध हुँदै आएको उक्त योजना अदालतको अन्तरिम आदेशसँगै फेरि स्थगित भएको छ । मुर्ली चोकदेखि आयल निगमसम्मको यो सडकलाई व्यवस्थित र फराकिलो बनाउने योजना तत्कालका लागि अन्योलमा परेको छ।

### अक्षय तृतीया पर्वः

## श्री शिव–विनायक मन्दिरमा प्राण प्रतिष्ठा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
पवित्र अक्षय तृतीयाको शुभ अवसरमा जनकपुरधाम–८ स्थित गोरधोई पोखरी क्षेत्रमा नवनिर्मित श्री शिव–विनायक मन्दिरमा सोमबार वैदिक विधिपूर्वक प्राण प्रतिष्ठा कार्यक्रम सम्पन्न भएको छ। पञ्चाङ्गअनुसार निर्धारित अभिजीत मुहूर्त, करिब बिहान ११:३५ देखि १२:२५ बजेसम्म, लाई अत्यन्त शुभ मानिँदै सोही समयमा मुख्य धार्मिक अनुष्ठान सम्पन्न गरिएको आयोजक समितिले जनाएको छ।

धार्मिक मान्यताअनुसार अक्षय तृतीयाको दिन भगवान शिव र माता पार्वतीको दिव्य विवाह सम्पन्न भएको स्मरण गरिने भएकाले यस दिनलाई अत्यन्त पुण्यदायी तथा शुभ फल दिने पर्वका रूपमा लिइन्छ। यही धार्मिक विश्वासलाई आधार बनाएर मन्दिरको प्राण प्रतिष्ठा विशेष रूपमा आयोजना गरिएको हो।

यसअघि आइतबार मन्दिर प्रतिष्ठापनको पूर्वसन्ध्यामा भव्य कलश यात्रा सम्पन्न गरिएको थियो। सो यात्रामा स्थानीय महिला समूह, युवावर्ग तथा श्रद्धालुहरूको उत्साहपूर्ण सहभागिताले सम्पूर्ण क्षेत्रलाई भक्तिमय वातावरणमा रूपान्तरण गरेको थियो।

कार्यक्रम आयोजक समाजसेवी रोशन साहका अनुसार यस मन्दिर स्थापनाको उद्देश्य धार्मिक आस्था सुदृढ गर्नुका साथै सामाजिक एकता र सांस्कृतिक मूल्यहरूको संरक्षण र प्रवद्र्धन गर्नु हो। उनका अनुसार यस्ता धार्मिक आयोजनाले समुदायबीच आपसी सद्भाव र एकताको सन्देश फैलाउने विश्वास छ । गोरधोई सर संरक्षण समितिको आयोजनामा तथा राजर्षि नगर टोल सुधार समितिको सहकार्यमा सञ्चालन भइरहेको यस धार्मिक कार्यक्रमले स्थानीय स्तरमा धार्मिक पर्यटन विकासमा समेत सकारात्मक योगदान पु¥याउने अपेक्षा गरिएको छ।

कार्यक्रममा युवा सरसफाइ अभियानी पुष्पराज कुंवर, समाजसेवी बजरंग यादव तथा स्थानीय सुरेन्द्र रविदास लगायतको सक्रिय उपस्थिति रहेको आयोजकले जनाएको छ।

# तीनदिन देशका विभिन्न ठाउँमा गर्मी बढ्ने

**मधेशदृष्टि**
**वीरगंज।**
सोमबार, मंगलबार र बुधबार देशका विभिन्न ठाउँमा गर्मी बढ्ने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाका अनुसार मधेशसहित बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्र, उपत्यका तथा खोँचहरूमा अबको तीन दिनसम्म तातो दिन रहने सम्भावना छ।

पछिल्ला केही दिनयता तापक्रम बढ्दै गएको छ। महाशाखाले तीन दिनसम्मको मौसम पूर्वानुमान गर्दै आएको छ।

विशेषगरी तराईका जिल्लाहरूमा अत्यधिक गर्मी महसुस हुने महाशाखाको अनुमान छ। देशका केही ठाउँमा हल्का वर्षाको सम्भावना रहे पनि धेरै ठाउँमा गर्मी बढ्ने भएकाले सावधानी अपनाउन महाशाखाले आग्रह गरेको छ।

महाशाखाले पर्याप्त पानी पिउन, हल्का र उज्यालो रङका कपडा लगाउन, घाममा निस्कँदा टोपी वा छाता प्रयोग गर्न तथा बालबालिका, सुत्केरी, वृद्ध र बिरामीहरूको विशेष हेरचाह गर्न सुझाव दिएको छ । लामो समय घाममा काम गर्नुपरेमा बीच–बीचमा आराम गर्न पनि आग्रह गरिएको छ।

# सोमबार अक्षय तृतीय पर्व मनाइयो

**मधेशदृष्टि**
**वीरगंज।**
हरेक वर्ष वैशाख शुक्ल तृतीयाका दिन मनाइने अक्षय तृतीया पर्व सोमबार सातु र सर्वत दान एवम सेवन गरी मनाइएको छ।

शास्त्रीय विधानअनुसार सोमबार सबेरै उठी घर लिपपोत गर्नाका साथै स्नान गरेर पूजा सामान तयार पारी संकल्प गरिन्छ।

दियो, कलश र गणेशलाई पूजा गरी कलशमाथि अष्टदल लेखेको तामाको थाली राखी अष्टदलमा भगवान् विष्णुको सोह्र सामग्रीद्वारा पूजा गरिन्छ।

पुरोहितलाई पनि पुजेर शुद्ध जल तामा वा माटाका भाँडामा राखी दालचिनी, ल्वाङ, सुकुमेल, अलैँची, मह, चिनी, सक्खर र मिश्री मिसाएर सर्वत बनाई घडा र जौँको सातु दान गर्ने वैदिक सनातनी परम्परा छ।

यस दिन गरेको स्नान, दान, ध्यान, जपलगायत पुण्य कर्म कहिल्यै नास नहुने कुरा विभिन्न पुराणमा वर्णन गरिएको छ।

# भारतबाट भित्र्याइएका कुखुरा तथा हाँसको चल्ला नष्ट

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरी गाउँपालिकामा भारतबाट अवैध रूपमा भित्र्याइएका कुखुरा तथा हाँसका चल्ला सशस्त्र प्रहरीले बरामद गरी नष्ट गरेको छ। सीमावर्ती क्षेत्र हुँदै हुने अवैध आयात नियन्त्रण गर्ने क्रममा उक्त कारबाही गरिएको हो।

सशस्त्र प्रहरी बल नेपालअन्तर्गत प्रस्तावित सीमा सुरक्षा गुल्म सुवर्णपुरबाट खटिएको टोलीले ठोरी गाउँपालिका–४ विजय बस्ती क्षेत्रमा गस्ती गर्ने क्रममा अवैध रूपमा ल्याइँदै गरेको सामग्री नियन्त्रणमा लिएको जनाएको छ। सशस्त्र प्रहरी नायब निरीक्षक दिनेश पटेलको नेतृत्वमा खटिएको टोलीले करिब ३०० वटा कुखुरा तथा हाँसका चल्ला र ५० किलोग्राम भारतीय ब्रोइलर कुखुरा बरामद गरेको हो।

बरामद गरिएका कुखुरा तथा चल्ला स्थानीय जनप्रतिनिधि, पशु क्वारेन्टाइन, कुखुरा व्यवसायी, नेपाल प्रहरी तथा सञ्चारकर्मीको उपस्थितिमा नष्ट गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक गोपाल पोखरेलले जानकारी दिए। सुरक्षा निकायका अनुसार सीमावर्ती क्षेत्रमा हुने यस्ता अवैध आयातले स्थानीय कृषकलाई आर्थिक नोक्सानी पु¥याउनुका साथै पशुपन्छीको स्वास्थ्यमा जोखिम बढाउने भएकाले नियन्त्रणका लागि निगरानी कडा पारिएको जनाइएको छ।

# सशस्त्र प्रहरी बल १३ नं. गणको

## १९ औँ स्थापना दिवस



मधेशदृष्टि
वीरगंज ।
वीरगंजस्थित सशस्त्र प्रहरी बलको नं. १३ गण मुख्यालयमा १९औँ स्थापना दिवस तथा वार्षिक उत्सव भव्य रूपमा सम्पन्न भएको छ । सजावटयुक्त मञ्च, पुष्पमालाले सिँगारिएको परिसर र सुरक्षाकर्मीहरूको उल्लेखनीय उपस्थितिबीच कार्यक्रम गरिमामय वातावरणमा आयोजना गरिएको थियो ।

समारोहका प्रमुख अतिथि मधेश प्रदेश प्रमुख कृष्ण ढकाल रहेका थिए भने कार्यक्रमको अध्यक्षता गणपति मोहनबहादुर क्षेत्रीले गरेका थिए । कार्यक्रममा पर्साका प्रहरी उपरीक्षक सुदीपराज पाठकलगायत विभिन्न सुरक्षा निकायका अधिकारी, विशिष्ट व्यक्तित्व तथा आमन्त्रित अतिथिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि ढकालले सशस्त्र प्रहरी बलले स्थापना कालदेखि नै राष्ट्रको सुरक्षा, सीमा व्यवस्थापन तथा विपद् उद्धारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए । उनले सशस्त्र प्रहरीलाई राष्ट्रको भरोसाको संस्थाका रूपमा चित्रण गर्दै आगामी दिनमा अझ अनुशासित, जिम्मेवार र प्रविधिमैत्री ढङ्गले कार्य गर्नुपर्ने आवश्यकता औँल्याए ।

समारोहमा सशस्त्र प्रहरीको इतिहास, उपलब्धि तथा वर्तमान भूमिकाबारे जानकारी गराइएको थियो । उत्कृष्ट कार्य गर्ने सुरक्षाकर्मीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रमलाई थप आकर्षक बनाउन अनुशासित परेड प्रदर्शन, सांस्कृतिक प्रस्तुति तथा विविध मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत गरिएका थिए ।

यी गतिविधिले उपस्थित दर्शकको ध्यान आकर्षित गर्नुका साथै उत्सवलाई थप जीवन्त बनाएको थियो । समारोहमा सहभागीहरूले संगठनप्रति समर्पण, अनुशासन र राष्ट्रसेवाको भावना अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै भविष्यमा अझ प्रभावकारी सेवा प्रवाह गर्ने अठोट व्यक्त गरेका छन् ।

## सम्पादकीय

# सडक विस्तारले ल्याएको तरंग

नेपालमा सडक विस्तारको अभियानले हालका दिनहरूमा ठूलो चर्चा पाएको छ । विशेषगरी काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन शाहले यसलाई प्राथमिकतामा राखेपछि यो अभियान सुर्खेत, बनेपा, हेटौँडा हुँदै वीरगंजसम्म फैलिएको देखिन्छ। यसले शहरी विकास र पूर्वाधार निर्माणमा नयाँ आयाम थपेको छ, तर यसका साथै यसले समाजमा विभिन्न प्रकारका तरंगहरू पनि सिर्जना गरेको छ।

सडक विस्तारको क्रममा राजमार्ग अतिक्रमणका नाममा २५ मिटर चौडा गर्दा हजारौँ परिवार घरबारविहीन भएका छन्। यो एउटा मानवीय संकटको रूपमा देखा परेको छ, जहाँ नागरिकहरूले आफ्नो थातथलो गुमाउनु परेको छ। राज्यले विकासको नाममा नागरिकको मौलिक अधिकारको संरक्षणमा ध्यान दिनुपर्ने आवश्यकता छ। उचित क्षतिपूर्ति र पुनस्र्थापनाको व्यवस्था नगरी गरिने यस्ता कार्यहरूले जनजीवनमा नकारात्मक प्रभाव पार्न सक्छ।

अर्कोतर्फ, सडक विस्तारले राज्यले लिएको नीतिमा मुठ्ठिभरकाको हैकम पनि हटाएको छ। सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका संरचनाहरू भत्काउँदा कानुनको शासन स्थापित भएको र सबै नागरिक समान छन् भन्ने सन्देश गएको छ। यसले दीर्घकालीन रूपमा शहरी सुशासन र व्यवस्थित विकासका लागि मार्ग प्रशस्त गर्न सक्छ। तर, यस प्रक्रियामा पारदर्शिता र निष्पक्षता कायम राख्नु चुनौती बनेको छ।

यस अभियानले शहरी सौन्दर्य र ट्राफिक व्यवस्थापनमा सुधार ल्याउने सम्भावना बोकेको छ । फराकिला सडकहरूले यातायातलाई सहज बनाउने र शहरी क्षेत्रको आर्थिक गतिविधिमा वृद्धि ल्याउने अपेक्षा गर्न सकिन्छ । तर, यसको कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्यांकन र सामाजिक प्रभाव मूल्यांकनलाई पनि उत्तिकै महत्व दिनुपर्छ। दिगो विकासका लागि यी पक्षहरूलाई बेवास्ता गर्न मिल्दैन।

अन्ततः, सडक विस्तारको अभियानलाई केवल भौतिक संरचनाको निर्माणको रूपमा मात्र हेरिनु हुँदैन । यो एक सामाजिक, आर्थिक र राजनीतिक प्रक्रिया हो जसले समाजका विभिन्न वर्गमा फरक–फरक प्रभाव पार्छ । राज्यले विकास र नागरिक अधिकारबीच सन्तुलन कायम गर्दै, सबै सरोकारवालाहरूसँगको सहकार्यमा अगाडि बढ्नुपर्छ। यसले मात्र दिगो र समावेशी विकासको लक्ष्य हासिल गर्न सकिन्छ।

# बढ्दो सम्बन्धविच्छेदः अधिकारको उपयोग कि विकृति ?

**नारायण न्यौपाने/रासस**

चालु आर्थिक वर्षको गत चैत २० गतेसम्म काठमाडौँ जिल्ला अदालतमा दुई हजार ९ सय ७ वटा सम्बन्धविच्छेदसम्बन्धी मुद्दा दर्ता भएकामा एक हजार ३९ मुद्दाको फैसला भइसकेको छ।

विसं २०७६ देखि हालसम्म उक्त अदालतमा सम्बन्धविच्छेदसम्बन्धी फछ्र्यौट हुन बाँकी मुद्दाको सङ्ख्या एक हजार ९४७ रहेको छ। सर्वाेच्च अदालतको २०८१–८२ को वार्षिक प्रतिवेदनअनुसार मुलुकभर ४२ हजार ७ सय ३९ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका थिए। सो आर्थिक वर्षमा सर्वाेच्च अदालतमा १ सय १९ र उच्च अदालतमा एक हजार ५ सय ४१ सम्बन्धविच्छेदसम्बन्धी मुद्दा दर्ता भएका थिए।

सोही आवमा ३३ हजार ५० वटा मुद्दा फछ्र्यौट भएकामा नौ हजार ६ सय ८९ मुद्दाको छिनोफानो हुन सकेन। त्यसमध्ये जिल्लाबाट ४१ हजार ७९ वटा मुद्दा फछ्र्यौट भएको वार्षिक प्रतिवेदनमा उल्लेख छ । आव २०८०–८१ मा ४० हजार ३ सय २० वटा सम्बन्धविच्छेदसँग सम्बन्धित मुद्दा दर्ता भएकामा ३१ हजार ७ सय ५२ मुद्दा फछ्र्यौट भएको थियो भने आठ हजार ५ सय ६८ मुद्दा छिनोफानो हुन सकेन।

यहाँ उल्लेखित तथ्याङ्कले के देखाउँछ भने पछिल्लो समय सम्बन्धविच्छेदसम्बन्धी मुद्दाको सङ्ख्या एकदमै बढेको छ । बदलिँदो विश्व परिस्थितिको प्रभाव, आधुनिक नेपाली समाज र परिवारमा देखिने सामान्य मतभेदमा पनि सम्बन्धविच्छेद गरिहाल्ने प्रवृत्तिले सङ्ख्या बढेको सरोकारवाला बताउँछन्।

काठमाडौँ जिल्ला अदालतका सूचना अधिकृत दीपक श्रेष्ठका अनुसार बैंकिङ कसुर र चेक अनादरपछि सबैभन्दा बढी सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने गरेका छन् । कतिपय परिवारमा श्रीमान्–श्रीमतीबीच सामान्य खटपट हुनासाथ सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको देखिएको छ।

वैदेशिक रोजगार, परिवारको असहमतिमा हुने प्रेम–विवाह, अन्तरजातीय विवाह, आधुनिकता, अर्काको नक्कल गर्ने प्रवृत्ति, कुटपिट, मानाचामल र हेरचाह नगरेको, नेपाली समाजमा खस्कँदै गएको संस्कार र संस्कृति तथा दम्पतीबीचको मतभेदले पनि सम्बन्धविच्छेद गर्नेको सङ्ख्या बर्सेनि बढ्दै गएको अनुमान गरिएको छ।

अधिवक्ता गोकुल दवाडी वैदेशिक रोजगारी, आर्थिक अभाव, पारिवारिक तनावजस्ता कारणले सम्बन्धविच्छेदको सङ्ख्या बढेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'रिट निवेदन लिएर अदालतमा पुगेका सबैको सम्बन्धविच्छेद भइहाल्छ भन्ने होइन, ५० प्रतिशत जतिको हुन्छ भने केही दम्पतीले मेलमिलाप गरेर फर्केका उहाहरण पनि छन्।'

अध्ययन र रोजगारीका लागि 'डिपेन्डेन्ट भिसा'मा जाने कतिपय युवा जोडीले त विवाह गरेको महिना दिन नपुग्दै दाम्पत्य सम्बन्ध अन्त्यका लागि फिरादपत्र लिएर अदालत आउँछन् । सूचना अधिकृत श्रेष्ठले विदेश जान प्रेमविवाह हतारमा गर्ने, परिवारलाई थाहा नहुने अनि कतिपय सामाजिक आस्था र परिवारको सहमतिबेगर भएका कारण पनि सम्बन्धविच्छेद भएको पाइन्छ।

त्यसो त ज्येष्ठ नागरिक भइसकेका र बाँकी जीवनका लागि सहारा चाहिने उमेरमा पनि सम्बन्धविच्छेद गरेका घटना प्रशस्तै छन् । हजुरबुबा–हजुरआमा उमेरका पनि सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको कानून व्यवसायी बताउँछन्।

सम्बन्धविच्छेदका मुद्दामा दुवै पक्ष सहमत भएमा काठमाडौँ जिल्ला अदालतले दुई दिनमै निर्णय सुनाउन सक्ने व्यवस्था मिलाएको छ । अदालतमा सम्बन्धविच्छेदका लागि आउनेमध्ये कतिपय श्रीमतीसँगै बस्न सक्दिनँ भनेर आउँछन् भने केही श्रीमान्ले अंश दिन नपर्ने भनी निवेदनमा मागदाबी गरेको पाइन्छ।

अधिकांश जोडीका बीचमा भने बच्चा र अंशका विषय मेलमिलापमा पुग्न र मुद्दालाई न्यायिक निरुपणमा पुर्याउन मुद्दा लम्बिने गरेको पाइन्छ । सम्बन्धविच्छेदका लागि मुद्दा परेपछि अर्काे पक्षलाई २१ दिन म्याद दिएर जानकारी गराउने, जवाफ आएपछि दुवैलाई मेलमिलापमा पठाउने र यस्तो मुद्दा एक वर्षसम्म राखेर छलफल गराउन सकिने कानूनी व्यवस्था छ।

जेनजी आन्दोलनका बेलामा एकैदिनमा पनि त्यस्ता मुद्दालाई किनारा लगाइएको थियो। तर हतारमा गर्दा कागजमा त्रुटि हुने कारणले दुई दिनमा मात्रै छिनोफानो गर्ने गरिएको सूचना अधिकृत श्रेष्ठ बताउनुहुन्छ । परिस्थितिजन्य अवस्थामा त्यस्ता मुद्दा अधिकृत वारेसमार्फत पनि दर्ता गर्न सकिने छ । त्यो अवस्थामा अधिकांशमा अंश नलिएर छोडपत्र गरेको पाइन्छ। यो सङ्ख्या ३० वर्ष उमेर समूहको बढी छ।

नातिनातिना खेलाउने उमेरका हजुरबुबा–आमा पनि सम्बन्धविच्छेदका लागि अदालत पुग्ने गरेका छन् । त्यस्ता कतिपय श्रीमतीले श्रीमान्लाई तपाईँको साथ र संरक्षण नरहे पनि सिन्दूर कायम रहोस् भन्ने गरेका छन्। त्यस्तो अवस्थामा श्रीमान् श्रीमतीमध्ये सम्पत्तिमा छोराछोरी कसका पक्षमा छ भन्ने अवस्थाले सम्बन्ध निर्धारण गर्छ।

अधिवक्ता शरदचन्द्र गौतमका अनुसार अदालतमा रिट निवेदन लिएर आउने मुद्दामध्ये सम्बन्धविच्छेदको सङ्ख्या धेरैमा पर्छ। पहिलेजस्तो सात जन्मसँगै बस्ने, धर्म र पापसँग जोडिएको नभई विवाहलाई एउटा करारका रूपमा लिने प्रचलन बढेको प्रतिक्रिया उहाँले दिनुभयो । देशको आयआर्जन वैदेशिक विप्रेषणमा निर्भर भएको र वैदेशिक रोजगारीका कारण श्रीमान् वा श्रीमती विदेशमा रहनुपर्ने बाध्यताले पनि केही हदसम्म सम्बन्धविच्छेद बढ्नुमा कारकतत्वको भूमिका निर्वाह गरेको अधिवक्ता गौतमको भनाइ छ।

जिल्ला अदालत काठमाडौँमा मुद्दा दर्ता गर्न आउनुभएकी एक युवतीले भन्नुभयो, 'साथीमार्फत ऊ (श्रीमान्)सँग चिनजान भयो । त्यसपछि प्रेमविवाह भयो । छोरी अहिले छ वर्षकी भई। म २२ वर्षकी भएँ । पहिले ऊ होटलमा काम गथ्र्याे, पछि उसले काम छोड्यो। लागुऔषध सेवन गरेर हैरानी दिन थालेपछि सुरक्षित हुन सम्बन्धविच्छेदका लागि आएकी हुँ।'

अधिवक्ता ऋषिकेश श्रेष्ठका अनुसार वैदेशिक रोजगारीका हिसाबले श्रीमान् श्रीमतीसँगै बस्न अनुकूल नभएको र त्यसले उब्जाएको आशङ्का र फाटोले पनि सम्बन्धविच्छेदका घटना बढाएको छ। उहाँ भन्नुहुन्छ, 'सम्पत्ति सुरुमा श्रीमतीको नाममा राख्ने अनि कतिपय स्वतन्त्रताप्रति आशङ्काको दृष्टिले हेर्ने प्रवृत्तिले यस्ता घटनाको बढोत्तरी भएको छ। नव युवापुस्ता विदेश जान अदालती दर्ता विवाह गर्ने अनि सम्बन्धविच्छेदमार्फत सम्बन्ध अन्त्य गर्ने प्रचलन पनि देखिएको छ।'

भाइबुहारीको सम्बन्धविच्छेद मुद्दाको तारेख लिन काठमाडौँ जिल्ला अदालत आइपुग्नुभएकी नुवाकोटकी एक महिलाले भन्नुभयो, 'भाइ विदेश बस्थ्यो, घरायसी कुरा नमिलेर पाँच–छ वर्षदेखि बुहारीले घर छाडेर हिँडेकी छ।'

अधिवक्ता सृजना कँडेलका अनुसार सम्बन्धविच्छेदका लागि ५० वर्ष उमेर समूहमाथिको सङ्ख्या पनि उल्लेख्य छ। उहाँ भन्नुहुन्छ, 'केही दिनअघि मात्रै धादिङकी ७० वर्षीया महिला र ७३ वर्षीय पुरुषको सम्बन्धविच्छेद भयो । श्रीमान्ले दुईवटीसँग पहिले पनि सम्बन्धविच्छेद गर्नुभएको रहेछ।'

ती ७० वर्षीया वृद्धाले दुई दिन भने पनि श्रीमान्सँग 'डिभोर्स' गर्छु भनेको अधिवक्ता कँडेलले सुनाउनुभयो । उहाँले १५ वर्षअघिसम्म सम्बन्धविच्छेदको मुद्दा अदालतमा न्यून हुने गरेको बताउनुभयो। हाल त्यो सङ्ख्या ह्वात्तै बढेको छ । पछिल्लो पुस्ता झन् आफू स्वतन्त्र भएर बस्न र घरपरिवारबाट मुक्त हुन चाहन्छ । उनीहरूमा किन दबाबमा बस्ने भन्ने सोच छ।

अदालत परिसरमा नाति च्यापेर बस्नुभएकी एक महिलाले भन्नुभयो, 'म जेठी श्रीमती हुँ । यो उमेरमा श्रीमान्ले कान्छी ल्याएर बसेको छ। छोरो बाहिर छ, हामीलाई घरमा आएर कुटपिट गर्नुहुन्छ । अदालतले पनि हामीजस्ता पीडितलाई छिटो न्याय दिलाउनुपर्छ । अहिले अंश र मानाचामलका लागि दाबी गर्न आएकी हुँ।'

अधिवक्ता राजन केसी सम्बन्धविच्छेदमा खासगरी प्रेमविवाह, गरिबी, आर्थिक, रोजगारीलगायत पढाइलेखाइमा एकअर्काबीच अन्तर तथा सामाजिक अवस्थाले समेत प्रभाव पारेको बताउनुहुन्छ । सम्बन्धविच्छेदसम्बन्धी मुद्दा महिलाले दर्ता गरेमा अदालतले पीडामा परेको अनुमान गरी छिटो निष्कर्षमा पुग्छ । पुरुषले हालेको अवस्थामा फैसला भएको सङ्ख्या कम छ।

उहाँले भन्नुभयो, 'श्रीमान् र श्रीमती तीन वर्षसँगै नबसेको, खान लाउन नदिएको, मानसिक यातना दिएको जस्ता विषय जोडेर मुद्दा हाले पनि न्यायालयले भरसक परिवारको बिछोड होइन, जोड्ने काम गर्नुपर्छ भन्ने मान्यता राख्छ। धेरै मेलमिलाप हुनसक्ने सम्भावना पनि हुन्छ।'

'ट्रेन्ड'कै रूपमा बढ्दो सम्बन्धविच्छेदको दर हेर्ने हो भने कानूनी अधिकार प्रयोग गरी स्वतन्त्रता चाहनेको सङ्ख्या बढेको हो या स्वतन्त्रताका नाममा विकृतिले प्रोत्साहन पाइरहेको हो भन्ने विषयमा भने समाजशास्त्रीय कोणबाट अति सुक्ष्म रूपमा अध्ययन गर्नुपर्ने देखिएको छ।

# 'लु' को जोखिम बढ्दै बच्ने कसरी ?

**प्रगति ढकाल/रासस**

केही दिनयता देशका अधिकांश स्थानमा तापक्रम वृद्धि हुँदा अत्यधिक गर्मी बढेको छ । यससँगै तराईका जिल्लामा तातो हावा (लु) चल्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको प्रक्षेपण छ।

विभागले सोमबार दिउँसो सार्वजनिक गरेको तथ्याङ्कअनुसार कपिलवस्तुमा ४१ डिग्री सेल्सियस र बाँकेमा ३९ डिग्री सेल्सियस तापक्रम पुगेको छ । मधेश प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्र तथा उपत्यका र खोँचहरूमा दिन तातो भएको, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका पश्चिमी तराई क्षेत्रमा 'लु' चल्ने सम्भावना रहेको विभागले जनाएको छ। पछिल्लो सूचनामा अद्यावधिक रहन तथा आवश्यक सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ।

विभागका मौसमविद् सञ्जिव अधिकारीले विशेषगरी तराईका जिल्लामा बुधबारसम्म अत्यधिक गर्मीको अवस्था कायम रहने जानकारी दिनुभयो । 'आजदेखि पर्सि बुधबार सम्म विशेषगरी तराई, उपत्यका र खोँच क्षेत्रमा तातो हावाको लहर चल्ने सम्भावना छ,' उहाँले भन्नुभयो, 'कोशी प्रदेशमा भने बादल देखिएकाले 'लु' को सम्भावना तत्काल कम छ। विशेषगरी लुम्बिनी प्रदेशको पश्चिम क्षेत्र, धनगढीलगायत सुदूरपश्चिमका अन्य तराई जिल्ला, नेपालगञ्ज, धनगढीलगायत स्थानमा 'लु' को सम्भावना बढी छ।'

सुदूरपश्चिमको दिपायलमा आज दिउँसो तापक्रम करिब ४० डिग्री सेल्सियस पुगेको उल्लेख गर्दै उहाँले त्यहाँका लागि यो तापक्रम असामान्य भएको बताउनुभयो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका वरिष्ठ 'हाइड्रोलोजिस्ट' राजेन्द्र शर्माले जलवायु परिवर्तनसँगै 'लु' जस्ता मौसमी घटना बढ्दै जाने भएकाले समयमै तयारी र सचेतना बढाउन आग्रह गर्नुभयो। 'लु को प्रभाव न्यूनीकरणका लागि हामीले कार्यविधि बनाएर कार्यान्वयनका लागि सम्बन्धित अन्तरसरकारी निकायमा पठाएका छौँ, प्रभावकारी कार्यान्वयनका लागि आवश्यक छलफल पनि गरिरहेका छौँ,' उहाँले भन्नुभयो।

'समयमै चिसो वातावरण कायम गर्ने, सफा तथा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्ने, बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र बिरामीहरूको विशेष हेरचाह गर्ने उपायहरू अपनाउनु पर्छ,' उहाँले भन्नुभयो, 'यसैगरी अस्पताल, विद्यालय तथा सार्वजनिक स्थानहरूमा आवश्यक पूर्वसावधानीको व्यवस्था मिलाउनु पनि उत्तिकै महत्वपूर्ण छ।'

**स्वास्थ्यमा कस्तो असर पर्छ ?**

जनस्वास्थ्यविद् डा. समीर अधिकारीले 'लु' लाग्दा हृदयको गति तीव्र हुने, श्वासप्रश्वास र रक्तचाप घट्ने, टाउको अत्यधिक दुख्ने, आँखा पोल्ने, चक्कर लाग्ने तथा अचेत हुने जस्ता समस्या देखिन सक्ने बताउनुभयो। 'लु ले दीर्घकालीन असरसमेत पु¥याउन सक्छ, मस्तिष्क तथा रक्तप्रणालीमा समस्या गर्न सक्छ,' उहाँले भन्नुभयो, 'बालबालिका र वृद्ध उमेरका समूहलाई सबैभन्दा बढी असर गर्न सक्छ । पर्याप्त पानी पिउने, शीतल छहारीमा बस्ने, मदिरा तथा धुम्रपान गर्नुहुँदैन।'

यसैगरी शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी पुग्ने, छाला सुक्खा, रातो र तातो हुने लक्षण पनि देखिन सक्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । बालरोग विशेषज्ञ डा. रामहरि चापागाईंले 'लु' चल्दा वा अत्यधिक गर्मीको समयमा बालबालिकाको स्वास्थ्यमा असर पुग्न सक्ने हुँदा उच्च सतर्कता अपनाउन सुझाव दिनुभयो।

विश्व स्वास्थ्य सङ्गठनले गरेको 'नेपालमा तातो हावाको लहरको प्रवृत्ति र यसबाट उत्पन्न स्वास्थ्य जोखिमबारे जनधारणाको अध्ययन'ले जलवायु परिवर्तनका कारण गर्मीजन्य समस्या बढेको निष्कर्ष निकालेको छ। अध्ययनअनुसार जलवायु परिवर्तन, तीव्र सहरीकरण र वायु प्रदूषणका कारण तापक्रम बढ्ने प्रवृत्ति निरन्तर बढेको हो। यसले मानव स्वास्थ्यसँगै अन्य क्षेत्रमा पनि नकारात्मक असर पारिरहेको छ।

देशभरका ३३ वटा मौसम स्टेसनबाट सन् १९८७ देखि २०१६ सम्मको तथ्याङ्क विश्लेषण गर्दा गर्मी दिनको संख्या बढ्दै गएको छ । विशेषगरी देशको दक्षिणी भूभागमा गर्मी रातहरू, प्रि–मनसुन तथा मनसुन अवधिमा वर्षा हुने ढाँचामा परिवर्तन आएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । अध्ययनअनुसार बढ्दो तापक्रमसँग जुध्न जनचेतना अभिवृद्धि, स्वास्थ्य सुरक्षा उपायको विस्तार र स्थानीय तहमा अनुकूलन रणनीति सुदृढ गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

**कृषिमा असर, उत्पादन घट्ने जोखिम**

अत्यधिक तापक्रम वृद्धिले कृषि र पशुपालन क्षेत्रमा पनि असर गर्न सक्ने जनाइएको छ। कृषि विज्ञ डिल्लीराम शर्माका अनुसार अत्यधिक गर्मी तथा 'लु' का कारण कृषि उत्पादनमा गम्भीर असर पर्न सक्छ । 'लु' का कारण विशेषगरी बालीहरू सुक्न थाल्ने, फूल झर्ने र फलफूल राम्रोसँग नलाग्ने समस्या हुने र यसले किसानलाई आर्थिक नोक्सानी पु¥याउन सक्ने उहाँले बताउनुभयो।

'तरकारीमा फूल वा फल लाग्ने बेला लु लागेमा वृद्धि रोकिन्छ, राम्रो उत्पादन हुँदैन,' उहाँले भन्नुभयो, 'यतिबेला कतिपय स्थानमा मकैमा दाना लाग्न सुरु भइसकेको छ, मकैमा दाना लागे पनि पोटिलो नहुने भएकाले उत्पादनमा कमी आउन सक्छ।'

प्लास्टिक टनेल (पोलिहाउस) भित्र खेती गर्दा भने जोखिम न्यूनीकरणमा सहयोग पुग्ने उहाँले सुझाव दिनुभयो। कृषि तथा पशुपालन क्षेत्र जलवायु परिवर्तनको प्रत्यक्ष असरमा पर्ने भएकाले यस्ता जोखिम न्यूनीकरणका लागि दीर्घकालीन योजना आवश्यक रहेको सरोकारवालाको भनाइ छ । विज्ञहरूले गर्मीको समयमा सिँचाइ व्यवस्थापन सुधार, छायाँ तथा पानीको उचित व्यवस्था, पशु स्वास्थ्यमा ध्यान र जलवायु अनुकूल कृषि अभ्यास अपनाउन सुझाव दिएका छन्।

**कसरी जोगिने ?**

प्राधिकरणले 'लु' बाट जोगिन दिउँसो सकेसम्म घरबाहिर ननिस्कन, प्रशस्त पानी तथा फलफूलको रस पिउन, अत्यधिक पसिना आएमा 'जीवनजल' सेवन गर्न सुझाव दिएको छ। बाहिर निस्कनै परे टाउको छोप्ने, छाता प्रयोग गर्ने, चिसो पानीले नुहाउने तथा खेतबारीमा बिहान वा बेलुका मात्र काम गर्न सल्लाह दिएको छ।

यसका साथै मदिरा सेवन नगर्न, क्याफिनयुक्त पेय पदार्थ (चिया, कफी, सोडा) कम प्रयोग गर्न र चिनी बढी भएको झोल पदार्थ नपिउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आग्रह गरेको छ।

**के हो लु ?**

अत्यधिक गर्मी वा तातो हावाको लहरका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य कार्ययोजनाका अनुसार अत्यधिक गर्मीका कारण सिर्जना हुने मौसमी अवस्थालाई तातो हावाको लहर (लु) भनिन्छ। नेपालको सङ्घीय तथा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा यसलाई 'तातो हावाको लहर' भनेर उल्लेख गरिएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार चैतदेखि भदौ महिनासम्मको अवधिमा तापक्रमका आधारमा तातो दिनहरू छुट्याइन्छन् । अधिकतम तापक्रम विगत ३० वर्षको ९० प्रतिशतभन्दा माथि पुगेमा त्यसलाई तातो दिन भनिन्छ । कार्यविधिमा भनिएको छ, 'जब लगातार तीन वा बढी दिनसम्म तातो दिन रहन्छ भने हल्का तातो लहर, धेरै तातो दिनको अवस्था रहेमा मध्यम तातो लहर र अत्यधिक तातो दिन भइरहे अत्यधिक तातो लहरको रूपमा वर्गीकृत गरिन्छ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# पीडितमैत्री यौन हिंसा कानुन बनाउन सरकार लागिपरेको छः सचिव



**काठमाडौं ।**
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव पाराश्वर ढुङ्गानाले साक्षी परीक्षणपछि कानुन निर्माण गरिने स्थापित मान्यता भएको बताएका छन् । 'प्राइमा फेसी' नाटक हेरेपछि महिला, कानुन र विकास मञ्चले आयोजना गरेको समूहगत छलफलका क्रममा सचिव ढुङ्गानाले भने, 'यौन हिंसा कानुन पीडितमैत्री हुनुपर्छ, यो कानुनबारे जनचेतना फैलाउन सामाजिक अभियानकर्मी संवेदनशील बन्नुपर्छ ।'

सोविता गौतम कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीमा नियुक्त भएसँगै उनले जबरजस्ती करणी, करणीपछि हुने हत्या, यौनजन्य हिंसा तथा बालबालिकासम्बन्धी जघन्य कसुरमा संलग्न दोषीलाई कडा सजाय सुनिश्चित गर्न तथा पीडितलाई शीघ्र न्याय दिलाउन विद्यमान कानुनमा देखिएका अवरोध हटाउने प्रक्रिया अघि बढाउने निर्णय गरेकी थिइन् ।

जबरजस्ती करणी र जबरजस्ती करणीपश्चात् हुने हत्याजस्ता जघन्य कसुर, यौनजन्य हिंसा तथा बालबालिकाविरुद्ध हुने कसुरमा संलग्न कसुरदारलाई दण्ड सजाय र पीडितलाई शीघ्र न्याय प्रदान गर्न मुलुकी अपराध संहितालगायतका कानुनमा देखिएका अवरोध पहिचान गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा अध्ययन कार्यदल गठन गरिएको छ ।

यौन हिंसा कस्तोसम्म हुँदो रहेछ भन्ने नाटक 'प्राइमा फेसी' मा देखाइएको छ । सुजिओ मिलरले लेखेको उक्त नाटकमा पशुपति राईको सशक्त अभिनय रहेको छ । दुई घण्टा लामो उक्त नाटकको अनुवाद दुर्गा कार्कीले गरेकी हुन् । यसको निर्देशन आकाङ्क्षा कार्कीले गरेकी हुन । कौसी थिएटरमा देखाइएको नाटकमा प्रसिद्ध विश्वविद्यालयमा कानुन अध्ययन गरेकी प्रिजा कुशल वकिल हुन् ।

महिला हिंसासम्बन्धी वकालत गरिरहेकी प्रिजा आफ्नै साथीबाट हिंसाको सिकार बन्छिन्, त्यसपछि पीडित प्रिजालाई प्रहरी, न्यायालय, घर परिवार र समाजले कस्तो व्यवहार गर्छ भन्ने कुरा नाटकमा देखाइएको छ । नाटक सम्पन्न भएपछि मञ्चकी अधिवक्ता रोजिना श्रेष्ठले सञ्चालन गरेको छलफलमा सहमहान्यायाधिवक्ता बिना दाहालले नाटक हेरेपछि कयौँ यौन हिंसाका घटनाहरु मानसपटलमा ताजा बनेर आएको अनुभव सुनाइन् ।

प्रत्येक हिंसाको प्रकृति फरक हुने भएकाले यौन हिंसाको कानुन निर्माणमा समाज नै संवेदनशील हुन जरुरी रहेको उनको भनाइ थियो । प्रस्तुत नाटकसँग मिल्दाजुल्दा धेरै पीडितलाई आफूले सहयोग गर्ने प्रयास गर्दागर्दै पनि परिस्थितिले गर्दा पीडितलाई सहयोग र दोषीलाई सजाय दिलाउन नसकिएको सहमहान्यायधिवक्ता दाहालले बताइन् । अब बन्ने कानुनले यी सबै कुरा समेट्न प्रयास गर्नुपर्नेमा उनको जोड छ ।

कानुनमा देखिएका अवरोध पहिचान गर्न बनेको अध्ययन कार्यदलका सदस्य एवम् वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले यौन हिंसाको मुद्दामा जिल्लादेखि सर्वोच्च अदालतसम्मका आफ्ना अनुभवहरू सुनाएकी थिइन् । मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले आफूले इच्छा नगरेको काममा हुँदैन 'नो' भन्न सक्नुपर्ने बताए । 'इच्छा विपरीत कसैले केही गर्न खोज्छ भने त्यो हिंसा हो,' निर्देशक श्रेष्ठले भने, 'त्यस्ता इच्छाविपरीतका कार्यलाई नाइँ भन्न सक्नुपर्छ । नाइँ अर्थात् 'नो' भन्दाभन्दै कसैले जबरजस्ती गर्न खोज्छ भने त्यो सजायको भागिदार बन्नुपर्छ ।'मञ्चकै अधिवक्ता सागर पाठकले कानुनी सहायता कक्ष र भएका कानुन कार्यान्वयनमा जोड दिए । कार्यक्रममा डा विष्णु बस्याल, करुणा पराजुली, लुमा सिं विश्वकर्मा, अरुणा जोशीलगायतले विद्यमान कानुनमा देखिएका अवरोध हटाउने प्रक्रिया अघि बढाउँदा ध्यान दिनुपर्ने सुझावहरू दिएका थिए । रासस

# पेट्रोलियम पदार्थ मूल्य वृद्धि फिर्ताको माग




**कर्णाली ।**
उज्यालो नेपाल पार्टी (उनेपा) का अध्यक्ष कुलमान घिसिङले पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि फिर्ता लिन सरकारसँग माग गरेका छन् । कर्णाली प्रदेशस्तरीय प्रथम अगुवा कार्यकर्ता भेला तथा सङ्गठन विस्तार कार्यक्रमका क्रममा सोमबार सुर्खेत वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा उनले सरकारले कर्णालीलाई इन्धनमा भएको मूल्य वृद्धिमा विशेष सहुलियत दिनुपर्ने बताए । कर्णालीमा विकट भूगोल भएकाले आफैँमा खर्चिलो छ । यहाँ बाह्य तथा आन्तरिक पर्यटकको यात्रा तथा आवागमनलाई सहज बनाउन डिजेल, पेट्रोल र ग्यासजस्ता इन्धनको मूल्य वृद्धि गर्नु हुँदैन, उनले भने, नजिकको छिमेकी देश भारतले पनि इन्धनमा मूल्य वृद्धि नगरेको भन्दै यसमा सरकारले नागरिकमाथि मूल्य वृद्धिको भार घटाउनुपर्छ र स्तरीकरण गर्न सक्नुपर्छ ।

दुई तिहाईको सरकारलाई काम गर्ने वातावरण बनाउन सहयोग गर्ने अध्यक्ष घिसिङले जानकारी दिए । नेपाल विद्युत् प्राधिकरणको नेतृत्व गर्दा र सरकारमा रहँदा कर्णालीको विद्युतीकरणमा र 'ट्रान्समिसन लाइन'का लागि करिब रु ३५ अर्ब लगानी सुनिश्चित गरिएको उनले जिकिर गरे । उनका अनुसार १३२ केभी प्रसारण लाइनको काम जुम्लासम्म भइरहेको छ । छोटो समयमै पार्टी गठनले त्यसको उचित व्यवस्थापन गर्न नपाउँदै चुनावमा जानुपर्ने बाध्यता भएकाले हार व्यहोर्नु परे तापनि अबको चुनावमा उनेपा ठूलो पार्टी भएर आउने र वडा तहसम्म सङ्गठन विस्तार गर्ने उनको भनाइ थियो । रासस

# सरकारी 'वेबसाइट'मा अपाङ्ग पहुँचमैत्री सुविधा




**काठमाडौं ।**
सूचना प्रविधि विभागले सरकारी 'वेबसाइट'हरुलाई सबै नागरिकका लागि सहज, पहुँचयोग्य र प्रयोगमैत्री बनाउने उद्देश्यले नयाँ वेब पहुँच सुविधा कार्यान्वयनमा ल्याएको छ ।

सरकारी एकीकृत बेवसाइट व्यवस्थापन प्रणाली (जिआइएमडब्लुएस) अन्तर्गत सुरु गरिएको यस कार्यले विशेषगरी अपाङ्गता भएका तथा सहायक प्रविधिमा निर्भर प्रयोगकर्तालाई लक्षित गरेको विभागका महानिर्देशक श्रीचन्द्र साहले जानकारी दिए ।

विभागका अनुसार अब सरकारी वेबसाइटहरू 'किबोर्ड'को प्रयोगबाट मात्र पनि सहज रूपमा सञ्चालन गर्न सकिनेछ । यसअन्तर्गत प्रयोगकर्ताले 'माउस' प्रयोग नगरीकनै वेबसाइटको सम्पूर्ण भागमा पहुँच पाउन सक्नेछन् ।

साथै, 'स्किप नेभिगेसन' लिङ्कको व्यवस्था गरिएकाले किबोर्ड तथा 'स्क्रिन रिडर' प्रयोग गर्ने व्यक्तिहरूले सबै नेभिगेसन सामग्री छोडेर सिधै मुख्य विषयवस्तुमा जान सक्ने सुविधा प्राप्त गर्नेछन् ।

वेबसाइटमा राखिएका सबै महत्त्वपूर्ण तस्बिर, लोगो, चिह्न तथा सेवासम्बन्धी तस्बिरहरूमा 'अल्ट टेक्स्ट' राखिएको विभागले जनाएको छ । जसले स्क्रिन रिडर प्रयोगकर्तालाई सामग्री बुझ्न सहज बनाउनेछ । त्यस्तै, फाराम भर्ने क्रममा आउने त्रुटि सन्देश र सुझावहरू पनि अब सजिलै सुन्न र बुझ्न सकिने गरी तयार पारिएको छ ।

सर्च, सम्पर्क फारामजस्ता सबै 'इनपुट' क्षेत्रमा स्पष्ट नाम र चिह्न राखिएकाले स्क्रिन रिडर प्रयोगकर्तालाई सजिलै प्रयोग गर्न मद्दत पु¥याउने विभागले जनाएको छ । त्यस्तै, किबोर्ड प्रयोगकर्ताका लागि वेबसाइटभित्र आफू कुन स्थानमा छु भन्ने कुरा स्पष्ट देखिने गरी दृश्य सङ्केतहरू पनि समावेश गरिएको छ ।

यसैगरी, फाराम पेस गरेपछि प्राप्त हुने सन्देशहरू पनि स्क्रिन रिडर प्रयोगकर्ताले सजिलै थाहा पाउने गरी व्यवस्था गरिएको छ । यी सुधारहरू सामान्य प्रयोगकर्ताका लागि प्रत्यक्ष रूपमा धेरै देखिने परिवर्तन नदेखिए पनि सहायक प्रविधिमा निर्भर व्यक्तिहरूका लागि भने अत्यन्त उपयोगी हुने विभागको भनाइ छ ।

यस्ता पहुँचमैत्री सुधारहरूले सबै नागरिकलाई समान रूपमा 'डिजिटल' सेवामा पहुँच पु¥याउने लक्ष्यलाई थप मजबुत बनाउने विश्वास गरिएको महानिर्देशक साहले बताए । साथै, यसले समावेशी र प्रविधिमैत्री शासन प्रणाली निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको उनको भनाई छ । रासस

# सम्पत्ति विवरणबारे गृहमन्त्री गुरुङको स्पष्टोक्ति



**काठमाडौं ।**
गृहमन्त्री सुधन गुरुङले रु २५ लाखको सेयरका विषयबारे आफ्नो सम्पत्ति विवरणमै स्पष्ट उल्लेख गरेको स्पष्ट पारेका छन् । आफ्नो सम्पत्ति विवरणबारे विभिन्न सञ्चारमाध्यममा गरिएको टिकाटिप्पणीबारे स्पष्ट पार्दै मन्त्री गुरुङले त्यस सम्बन्धि विवरण मन्त्रिपरिषद्को वेबसाइटमा हेर्न सकिने बताएका छन् ।

मन्त्री गुरुङको सचिवालयले उक्त विषयमा प्रष्ट पार्दै भनेको छ, "सबै सेयर एउटै प्रकृतिका हुँदैनन्, धितोपत्र बजारमा कारोबार हुने सेयर दुई करोडभन्दा बढी लगानी रहेको सम्पत्ति विवरणमै स्ष्ट छ ।"

त्यस्तै, स्टार माइक्रो इन्स्योरेन्स र लिबर्टी माइक्रोमा भएको लगानी पनि यही समूहभित्र समेटिएको मन्त्री गुरुङको सचिवालयले स्पष्ट पारेको छ । त्यस्तै उनले मन्त्री हुनुअघि सेयर किनियो भनेर बाहिर नकारात्मक धारणा बनाएकाप्रति असहमति जनाउँदै सेयर लगानी गर्नु अपराध नभएको बताए । साथै कारोबार बैङ्किङ च्यानलमार्फत भएको र बैङ्कबाट गएको पैसाको सबै हिसाब स्पष्ट रहेको बताएका छन् । रासस

## लुम्बिनी प्रदेशसभा बैठकः

# इन्धन मूल्यवृद्धि तत्काल फिर्ता गर्न माग

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत आज बसेको १३औँ बैठकमा प्रदेशसभा सदस्यहरूले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनजीवनमा गम्भीर असर परेकाले तत्काल निर्णय फिर्ता लिन सङ्घीय सरकारसँग माग गरेका छन् ।

बैठकमा प्रदेशसभा सदस्य कृष्णा कुश्मा थारुले इन्धन महँगिँदा आम नागरिक प्रत्यक्ष मारमा परेको बताइन् । प्रदेशसभा सदस्य इन्द्राकुमारी गहतराजले तत्काल मूल्यवृद्धि फिर्ता लिन माग गरिन् । प्रदेशसभा सदस्य हेमा बेल्वासेले सीमापारिबाट ल्याइने सामान्य घरायसी सामानमा १०० रुपैयाँभन्दा माथि भन्सार तिर्नुपर्ने व्यवस्था र पेट्रोलियम पदार्थको मूल्य वृद्धिप्रति आपत्ति जनाइन् । उनले इन्धन महँगिँदा सिँचाइ खर्च, ट्याक्टर भाडा र उत्पादन लागत बढ्ने भएकाले किसान पलायन हुने अवस्था आउन सक्ने बताइन् । प्रदेशसभा सदस्य तारा थापाले अत्यधिक मूल्यवृद्धिका कारण विपन्न वर्गको जीवनयापनमा थप कठिनाइ आएको बताउँदै तत्काल राहत दिनुपर्नेमा जोड दिइन् ।

प्रदेशसभा सदस्य मीनाकुमारी बोहराले अर्थतन्त्र सुधारतर्फ सरकार गम्भीर हुनुपर्ने बताइन् । प्रदेशसभा सदस्य मीनाकुमारी श्रेष्ठले बाँके दक्षिण क्षेत्रमा सिँचाइ सुविधा विस्तारका लागि आयोजनालाई पुनर्जीवन दिनुपर्ने बताइन् ।

अर्का सदस्य लोकाकुमारी विश्वकर्माले रातो किताबमा विनियोजित बजेट कार्यान्वयनमा समस्या रहेको उल्लेख गरिन् । प्रदेशसभा सदस्य विष्णुप्रसाद पन्थीले मेटा कम्पनीलाई कानुनी दायरामा ल्याई नेपालमा प्रचलित कानुनअनुसार राजस्व तिर्न बाध्य बनाउनुपर्ने धारणा राखे ।

बैठकमा सामाजिक विकास समितिका सभापति यमबहादुर नेपाली सार्कीले दलित अधिकारसम्बन्धी विधेयकमाथिको समितिको प्रतिवेदन प्रस्तुत गरे भने कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले समितिको वार्षिक प्रतिवेदन सभामा पेस गरे । रासस

# अध्यागमनका दुई अधिकृतमाथि छानबिन जारी




**काठमाडौं ।**
अध्यागमन विभागले गैरकानुनी अभ्यास गर्ने दुई जना अधिकृतलाई जिम्मेवारीबाट हटाएको छ । सोमबार एक विज्ञप्ति जारी गरी विभागका प्रवक्ता एवं निर्देशक टिकाराम ढकालले नेपाली नागरिकलाई सर्त तोकेर प्रस्थान अनुमति दिने अध्यागमन प्रशासनको कुनै नीति वा निर्णय नभएकाले त्यसविपरीत काम गर्ने दुई जनालाई जिम्मेवारीबाट हटाई आवश्यक छानबिन भइरहेको बताएका छन् । निजहरूले प्रचलित कानुन र विभागीय निर्णयबाहिर गई गैरकानुनी अभ्यास गरेकाले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलस्थित कार्यालयको जिम्मेवारीबाट हटाइएको पनि विज्ञप्तिमा उल्लेख छ ।

संयुक्त अरब इमिरेट्स प्रस्थान गर्न लागेका नेपाली नागरिकको राहदानीमा प्रस्थान छापसँगै काम गर्न नपाउने भनी लेखिदिएको भन्दै विरोध भएको थियो । सोही विषयमा छानबिनका लागि यही वैशाख ३ गतेको निर्णयबाट छानबिन समिति गठन गरिएको पनि विज्ञप्तिमा उल्लेख छ । रासस

# प्रदेश प्रमुखसमक्ष मुस्लिम आयोगको वार्षिक प्रतिवेदन पेस



**गण्डकी ।**
गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टसमक्ष मुस्लिम आयोगले सोमबार वार्षिक प्रतिवेदन पेस गरेको छ । आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलीले संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८१÷८२ को वार्षिक प्रतिवेदन प्रदेश प्रमुख भट्टसमक्ष पेस गरेका हुन् ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख भट्टले मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण तथा सम्वद्र्धन र सशक्तिकरणका लागि आयोग गठन भएको बताए ।

नेपालका विभिन्न जाति, भाषा, संस्कृति र समुदायका बीचमा सहअस्तित्वका आधारमा आपसी सद्भाव कायम राख्न मुस्लिम आयोग जस्ता राज्यले स्थापना गरेका विभिन्न आयोगको भूमिका महत्वपूर्ण हुने उनले बताए ।

प्रतिवेदनमा उल्लेख गरिएका विषय मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत प्रदेश सभामा छलफलका लागि पेस गरिने प्रदेश प्रमुख भट्टले बताए । आयोगका कार्यवाहक अध्यक्ष अलीले आयोगका गतिविधि, उपलब्धि र आगामी योजनाबारे प्रदेश प्रमुख भट्टसमक्ष जानकारी गराए ।

मुस्लिम समुदायको अवस्था सुधारका लागि आयोगले प्रयास गरिरहेको भन्दै उनले पर्याप्त स्रोतसाधन, बजेट र अधिकार नहुँदा आयोगले काम गर्न नसकेको गुनासो गरे । रासस


# हात्तीदह सिमसारमा संरचना विस्तार



**सिरहा ।**
लहान नगरपालिका–१५ कोइरालो खोला सामुदायिक नमूना वनभित्रको हात्तीदह सिमसार क्षेत्रलाई थप व्यवस्थित गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नयाँ संरचना विस्तार गरिएको हो ।
यसै सिलसिलामा नगरप्रमुख महेशप्रसाद चौधरीले परिसरमा दुई कोठे 'होमस्टे' र सौन्दर्यकरण कार्यको शिलान्यास गरे । करिब २० लाख ४२ हजार रुपैयाँको लागत अनुमान गरिएको उक्त परियोजनामा एक लाख रुपैयाँ बराबरको जनसहभागिता रहने कोइरालो खोला नमूना वन उपभोक्ता समितिका अध्यक्ष रुद्रनारायण चौधरीले जानकारी दिए ।
नगरप्रमुख चौधरीले हात्तीदहलाई मधेस प्रदेशकै नमूना पर्यटकीय गन्तव्य बनाउने लक्ष्य रहेको बताए । उनले भने, लहानको गौरवको रूपमा रहेको हात्तीदह सिमसार क्षेत्रको विकासका लागि नगरपालिका प्रतिबद्ध छ । यहाँ निर्माण हुने होमस्टे र सौन्दर्यकरणकार्यले पर्यटकलाई आकर्षित मात्र गर्ने छैन, यसले स्थानीयस्तरमा स्वरोजगारी सिर्जना गरी नगरको आर्थिक समृद्धिमा मद्दत पुर्‍याउनेछ ।
एक महिनाअघि मात्रै सोही क्षेत्रमा सञ्चालनमा आएको 'हात्तीदह वनस्टे'ले पर्यटकलाई प्राकृतिक वातावरण र स्थानीय संस्कृतिको अनुभव गराउँदै आएको छ । वन उपभोक्ता समितिका अध्यक्ष चौधरीले वन र सिमसारको संरक्षणसँगै आयआर्जनलाई जोड्न नयाँ संरचनाले मद्दत गर्ने बताए । उनले भने, हामीले वन र सिमसार क्षेत्रको जैविक विविधता जोगाउँदै पर्यटनमार्फत स्थानीयलाई आयआर्जनमा जोड्ने उद्देश्यले 'वनस्टे' र होमस्टेको अवधारणा अघि सारेका हौँ । नयाँ संरचना बनेपछि पाहुनाले अझ गुणस्तरीय सेवा पाउनेछन् ।" उनले आगामी दिनमा थप संरचना विस्तार गर्ने योजना रहेको जानकारी दिए ।
हात्तीदह परिसरमा तालिम हल, वनभोजस्थल, दहमा बोटिङ सुविधा, बालबालिकाका लागि मनोरञ्जन पार्क, सानो चिडियाखाना तथा सेल्फीस्थल निर्माण गरिएको छ । हाल दैनिक दुई हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको समितिले जनाएको छ । यहाँ चार वर्षअघिदेखि सिमसार क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थालिएको हो । यसबाट स्थानीय समुदायले प्रत्यक्ष लाभ लिन थालेका छन् भने हाल १४ जनाले प्रत्यक्ष रूपमा रोजगारी पाएका छन् ।
करिब ५६ हेक्टर क्षेत्रफलमा फैलिएको कोइरालो सामुदायिक वनमध्ये पाँच हेक्टर सिमसार क्षेत्रलाई संरक्षण गर्दै पर्या पर्यटनको विकास गरिएको छ । यसमा लहान नगरपालिकाको मात्र नभई सङ्घीय र प्रादेशिक निकायको पनि महत्वपूर्ण साझेदारी रहँदै आएको छ ।
वन उपभोक्ता समितिका अध्यक्ष चौधरीका अनुसार यस क्षेत्रको गुरुयोजना कार्यान्वयनमा राष्ट्रपति चुरे संरक्षण विकास कार्यालय, डिभिजन वन कार्यालय लहान, बृहत् जलाधार व्यवस्थापन कार्यालय लगाएतले प्राविधिक तथा आर्थिक सहयोग पुर्‍याउँदै आएका छन् । लहान बजारबाट करिब पाँच किलोमिटर उत्तर चुरेफेदमा रहेको हात्तीदह क्षेत्र प्राकृतिक सौन्दर्य र सामुदायिक वन व्यवस्थापनको उत्कृष्ट उदाहरण बन्दै गएको छ । रासस

# ग्रामीण कृषिः 'लिफ्ट' सिँचाइले फेरियो मेटेराको मुहार

**दाङ ।**
दाङको तुलसीपुर उपमहानगरपालिका– १४ मटेराका ५२ वर्षीय पुर्णबहादुर चौधरी खेती किसानी गर्छन् । उनले तोरी, चना, केराउ खेतीबाट राम्रै आम्दानी गरेका छन् । लिफ्ट सिँचाइले उनी सफल किसान बनेका हुन् ।
'पहिले ९ बिघा जमिनमा तोरी, चना र केराउखेती गरे पनि उत्पादन कम हुन्थ्यो तर अहिले पहिलेको तुलनामा १० गुणाबढी उत्पादन हुन्छ । लिफ्ट सिँचाइका कारण यो सब सम्भव भएको हो', उनले भने । उनले ५ बिघामा तोरी र बाँकी भूमिमा केराउ तथा चनाखेती गरेका छन् । उनी बेमौसमी सागसब्जी लगाउने योजनामा पनि छन् । कृषि उपज बेचेर बितेको यामममा आफूले पाँच लाख बचत गरेको उनले बताए । उहाँ कृषि औजारको 'भरपूर उपयोग गर्ने



किसानका रूपमा पनि मटेरामा परिचित छन् । मुस्किलले एक याममा मात्र खेती हुने मटेरामा हिजोआज सधैँ खेती हुने गरेको छ । साजसब्जी फलाउने गाउँका रूपमा यो गाउँको नयाँ परिचय पनि थपिएको छ । यही गाउँकी ४४ वर्षीया अष्टमी चौधरीले तोरी तथा सागसब्जी बेचेर आर्थिक रूपमा आफू आत्मनिर्भर भएको बताइन् । उनले तीन बिघामा तोरी र तीन बिघामा सागसब्जी रोपेकी छन् ।
मेटेरा गाउँका एक सय घरका परिवार लिफ्ट सिँचाइका माध्यमबाट कृषिकर्म गरिरहेका छन् । एक करोड ५० लाख खर्चेर बबइको पानी लिफ्ट सिँचाइ आयोजनामार्फत किसानका खेतबारीमा पुगेपछि मटेराको मुहार फेरिएको हो । लुम्बिनी प्रदेश सरकारले मटेरा र लुहाडबरा गाउँलाई 'स्मार्ट'कृषि गाउँ घोषणा किसानलाई तालिम, अनुदानमा कृषि औजार र बीउ वितरण गरी व्यावसायिक रूपमा कृषि कर्ममा लाग्न अभिप्रेरित गरेको छ । रासस

# भारत– दक्षिण कोरियाबीच रणनीतिक वार्ता



**नयाँ दिल्ली ।**
बदलिँदो विश्व आर्थिक परिस्थिति र आपूर्ति शृङ्खलामा देखिएको अस्थिरताको पृष्ठभूमिमा भारतले सोमबार नयाँदिल्लीमा दक्षिण कोरियाली राष्ट्रपति ली जे–म्युङलाई औपचारिक स्वागत गरेको छ । यस भेटमा जहाज निर्माण, कृत्रिम बौद्धिकता तथा उच्च प्रविधि क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयलाई प्रमुख एजेन्डाका रूपमा लिइएको छ ।
राष्ट्रपति ली जे–म्युङले आफ्नो पहिलो भारत भ्रमणका क्रममा सामाजिक सञ्जालमार्फत जारी गरेको विज्ञप्तिमा दुवै देशबीचको सम्बन्ध रणनीतिक रूपमा अझ महत्त्वपूर्ण बन्दै गएको उल्लेख गरेका छन् । उनले मध्यपूर्वमा जारी द्वन्द्व र विश्वव्यापी आर्थिक सङ्कटबीच भारत र गणतन्त्र कोरिया एकअर्काका लागि अत्यावश्यक साझेदारका रूपमा उदाउँदै गएको बताए ।
भारतीय विदेश मन्त्रालयका अनुसार प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति लीबीच भएको वार्तामा जहाज निर्माण उद्योग, व्यापार, लगानी, कृत्रिम बौद्धिकता (एआई), सेमिकन्डक्टर तथा अन्य महत्त्वपूर्ण र उदीयमान प्रविधिहरूमा सहकार्य विस्तारबारे विस्तृत छलफल भएको छ । दुवै नेताले आपसी आर्थिक साझेदारीलाई अझ सुदृढ बनाउने विषयमा सहमति जनाएका छन् ।
वार्ताका क्रममा कोरियाली प्रायद्वीप र क्षेत्रीय शान्तिका लागि रचनात्मक सहकार्य जारी राख्ने विषयमा पनि छलफल भएको कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार वी सुङ–ल्याकले सियोलमा जानकारी दिए । यसले दुवै देशबीचको सुरक्षा र रणनीतिक संवादलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ । राजकीय स्वागत समारोहका क्रममा भारतीय सेनाको औपचारिक परेडबीच प्रधानमन्त्री मोदी र राष्ट्रपति लीले राष्ट्रपति भवन बाहिर एकसाथ उपस्थित भएर सम्मान ग्रहण गरेका थिए, जसले दुई देशबीचको उच्चस्तरीय कूटनीतिक सम्बन्धलाई झल्काएको छ ।
ऊर्जा सुरक्षा पनि यस वार्ताको महत्त्वपूर्ण पक्ष बनेको छ । फेब्रुअरी अन्त्यतिर इरानमा भएको अमेरिकी–इजरायली आक्रमणपछि स्ट्रेट अफ होर्मुजमा उत्पन्न अवरोधका कारण दक्षिण कोरियाले आफ्नो ऊर्जा आपूर्तिमा जोखिम सामना गर्नुपरेको सन्दर्भमा दुवै पक्षले दीर्घकालीन ऊर्जा सहकार्यबारे समेत छलफल गरेका छन् ।
भारत र दक्षिण कोरियाले सन् २०१० मा गरिएको आर्थिक साझेदारी सम्झौतालाई थप सुदृढ गर्ने विषयमा पनि सहमति खोजिरहेका छन् । भारतीय विदेश मन्त्रालयको तथ्याङ्कअनुसार उक्त सम्झौतापछि दुई देशबीचको द्विपक्षीय व्यापार १४ अर्ब २० करोड अमेरिकी डलरबाट बढेर सन् २०२४–२५ सम्म २६ अर्ब ८९ करोड अमेरिकी डलर पुगेको छ । यो करिब ९० प्रतिशतको वृद्धि हो । यस भेटलाई दुवै देशले रणनीतिक साझेदारीको नयाँ चरणका रूपमा लिएका छन्, जसले आगामी वर्षहरूमा प्रविधि, व्यापार र सुरक्षा क्षेत्रमा सहकार्यलाई अझ गहिरो बनाउने अपेक्षा गरिएको छ । रासस

# पाकिस्तानमा अमेरिकासँगको वार्तामा भाग नलिने इरानको योजना

**वासिङ्टन ।**
मध्यपूर्वमा जारी तनाव र युद्ध विरामको समयसीमा नजिकिँदै गर्दा इरानले हाल संयुक्त राज्य अमेरिकासँगको वार्तामा भाग लिने कुनै योजना नभएको स्पष्ट पारेको छ । यो घोषणा यस्तो समयमा आएको छ जतिबेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना वार्ताकारहरूलाई सोमबार पाकिस्तान जान निर्देशन दिएका छन् र कूटनीतिक प्रयास तीव्र पारिएको छ ।
इरानी राज्य सञ्चारमाध्यमका अनुसार वर्तमान परिस्थितिमा अमेरिका–इरान वार्ताको अर्को चरणमा सहभागी हुने कुनै तयारी छैन । इरानका अनुसार अमेरिकी नौसैनिक नाकाबन्दी र हालैका घटनाहरूले वार्ताको वातावरणलाई नकारात्मक बनाएको छ ।
तनाव थप चर्किने क्रममा आइतबार एक अमेरिकी नौसेनाको युद्धपोतले इरानी झण्डा बोकेको एक मालवाहक जहाजमाथि गोली प्रहार गरी नियन्त्रणमा लिएको अमेरिकी पक्षले जनाएको छ । राष्ट्रपति ट्रम्पले उक्त जहाजले अमेरिकी नौसैनिक अवरोध पार गर्न खोजेको आरोप लगाउँदै जहाज कब्जा गरिएको बताए । उनका अनुसार अहिले अमेरिकी मरीनहरूले उक्त जहाज नियन्त्रणमा लिएका छन् ।
यस घटनापछि इरानले अमेरिकी सैन्य जहाजहरूतर्फ ड्रोन पठाएको दाबी गरिएको छ । इरानी समाचार एजेन्सी तस्नीमका अनुसार यो कदम अमेरिकी कारबाहीको प्रतिवादस्वरूप गरिएको हो । साथै, इरानले बदला लिने चेतावनीसमेत दिएको छ ।
इरानी राज्य प्रसारणकर्ता आइआरआइबीले सरकारी स्रोत उद्धृत गर्दै हालका अवस्थामा वार्तामा सहभागी हुने कुनै योजना



नभएको जनाएको छ । फार्स र तस्नीम समाचार एजेन्सीहरूले समेत अमेरिकी नाकाबन्दी हटाउनु नै वार्ताका लागि पूर्वशर्त भएको उल्लेख गरेका छन् । उनीहरूका अनुसार वर्तमान वातावरण 'वार्ताका लागि अनुकूल छैन' ।
इरानको आधिकारिक समाचार संस्था आइआरएनएले पनि अमेरिकी नाकाबन्दी र 'अनुचित तथा अवास्तविक मागहरू' का कारण फलदायी वार्ताको सम्भावना कमजोर रहेको जनाएको छ ।
यो तनाव फेब्रुअरी २८ मा इरानमाथि भएको अमेरिकी–इजरायली आक्रमणपछि सुरु भएको द्वन्द्वसँग जोडिएको छ, जसले मध्यपूर्वमा ठूलो स्तरको युद्ध रोकिएको भए पनि अस्थिरता कायम राखेको छ । हाल लागू दुई हप्ते युद्ध विरामको समयसीमा समाप्त हुन केही दिन मात्र बाँकी छ ।
यसबीच, इरान र अमेरिका बीचको पछिल्लो वार्ता अप्रिल ११ मा इस्लामाबादमा भएको थियो, जुन २१ घण्टा लामो भए पनि कुनै निष्कर्षमा पुग्न सकेको थिएन । यद्यपि, त्यसपछि नयाँ संवादका लागि आधार तयार पार्ने प्रयासहरू जारी रहेका छन् ।
राष्ट्रपति ट्रम्पले वार्ताबारे आशावादी देखिँदै इरानलाई 'न्यायसङ्गत सम्झौता' स्वीकार गर्न आग्रह गरेका छन् । उनले सम्झौता नभए इरानको पूर्वाधारमाथि थप दबाब दिने चेतावनी दोहोर्‍याएका छन् ।
तनाव थप गहिरिँदै जाँदा महत्त्वपूर्ण जलमार्ग होर्मुजको स्ट्रेट पनि विवादको केन्द्र बनेको छ । इरानले युद्धको सुरुमा यस मार्ग आंशिक रूपमा बन्द गरेको थियो भने पछि केही समयका लागि खोलिएको भए पनि अमेरिकी नाकाबन्दी जारी रहेपछि पुनः बन्द गरिएको थियो ।
यो जलमार्ग विश्वको करिब पाँचौँ हिस्सा तेल र प्राकृतिक ग्यास ढुवानी हुने प्रमुख मार्ग हो । यसको अवरोधले अन्तर्राष्ट्रिय ऊर्जा आपूर्ति र विश्व अर्थतन्त्रमा असर परेको बताइएको छ ।
अमेरिकी पक्षले इरानी तेल राजस्व घटाउने उद्देश्यले इरानी बन्दरगाहहरूमा नौसैनिक नाकाबन्दी लागू गरेको छ । आइतबार भएको घटनामा राष्ट्रपति ट्रम्पले अमेरिकी नौसेनाले चेतावनीपछि इरानी जहाजलाई नियन्त्रणमा लिएको दाबी गरे ।
इरानले भने यसलाई 'समुद्री डकैती' भन्दै कडा प्रतिक्रिया जनाएको छ । इस्लामिक रिभोलुसनरी गार्ड्सले बिना अनुमति जलमार्ग पार गर्ने कुनै पनि जहाजलाई लक्षित गरिने चेतावनी दिएको छ । यसैबीच, पाकिस्तानमा हुने भनिएको वार्तालाई लिएर इस्लामाबादमा उच्च सुरक्षा व्यवस्था मिलाइएको छ । सडक बन्द, ट्राफिक नियन्त्रण र सुरक्षा निगरानी कडा पारिएको छ ।
वार्तामा अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गर्ने बताइएको छ भने मध्यपूर्वका दूत स्टिभ विटकफ र ट्रम्पका ज्वाइँ जारेड कुसनर पनि सहभागी हुने अपेक्षा गरिएको छ । वार्ताको प्रमुख मुद्दामध्ये एक इरानको उच्च समृद्ध युरेनियम भण्डार रहेको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले इरानले केही युरेनियम हस्तान्तरण गर्न सहमति जनाएको दाबी गरेका छन्, तर इरानी विदेश मन्त्रालयले भने यस्तो कुनै सहमति नभएको स्पष्ट पारेको छ । रासस

# सामुदायिकवनको आम्दानीको बेत बाँस

**कैलाली ।**
कैलालीको टीकापुर नगरपालिका–७ स्थित सत्ती कर्णाली सामुदायिकवन बेत बाँसका लागि प्रख्यात छ । सामुदायिक वनले बर्सेनि लाखौँको बेत बाँस सङ्कलन गर्दै आएको छ । वनको प्रमुख आम्दानीको स्रोत नै बेत बाँस हो । आर्थिक हिसाबले सम्पन्न सामुदायिक वनले बेत बाँसको सङ्कलनमा दर्जनौँ स्थानीयलाई रोजगारी सिर्जन गर्दै आएको छ । अहिले वनबाट काँचो बेत सङ्कलन भइरहेको छ । दर्जनौँ स्थानीय बेत सङ्कलनमा छन् । उनीहरूले सङ्कलन गरेको बेत वनले प्रतिकेजी रु ११ मा खरिद गर्दै आएको छ । तीन हजार क्विन्टल बेत बाँस सङ्कलन गर्ने लक्ष्य लिएको सामुदायिक वनले आवश्यकताअनुसार कामदार नपाउँदा लक्ष्य भेटाउन मुस्किल भएको वन कार्यालय प्रमुख मीनबहादुर ठकुल्ला बताउनुहुन्छ । अहिलेसम्म लगभग ९०० क्विन्टल सङ्कलन भएको छ । लक्ष्यअनुसार यस वर्ष पनि बेत सङ्कलन हुँदैन,उनले भने, कामदार पाउन निकै गाह्रो हुँदा गत वर्ष पनि लक्ष्य अनुसारको बेत सङ्कलन गर्न सकिएको थिएन । वनले गत वर्ष एक हजार ४०० क्विन्टल बेत बाँस सङ्कलन गरेको थियो ।
वनमा १४६ हेक्टरमा बेत बाँस छ । त्यसमध्येको १० हेक्टरभन्दा बढी कर्णाली नदीको कटानमा परिसकेको छ । चार भागमा विभाजन गरेर वनले पाँच वर्षमा एक पटक एक भागको बेत बाँस सङ्कलन गर्दै आएको छ । हामीले वर्षमा ७० देखि ८० लाखसम्मको बेत बाँस बिक्री गरेको रेकर्ड छ, सामुदायिक वनका अध्यक्ष जितराम चौधरी बताउछन्, त्यसरी आम्दानी भएको रकम उपभोक्ताहरूलाई प्रदान गर्ने सेवामा खर्च गर्ने गरेका छौँ । उहाँका अनुसार बर्सेनि वनले ज्येष्ठ नागरिकलाई जाडोको समयमा कम्बल वितरण गर्दै आएको छ । उपभोक्ताका बालबालिकालाई छात्रवृत्ति, उपभोक्ताको परिवारमा कसैको निधन हुँदा किरिया खर्चबापत नगद वनले सहयोग गर्दै आएको छ । काँचो बेत प्रतिकेजी रु ११ मा खरिद गरेको सामुदायिक वनले त्यसलाई सुकाएर उपभोक्ताका लागि प्रतिकेजी रु ५० मा उपलब्ध गराउँदै आएको छ । बाहिर बिक्री गर्नुपर्दा प्रतिकेजी रु ९० मा बिक्री गरे पनि 'टेन्डर' मार्फत रु १०५ प्रतिकेजीसम्म बिक्री हुने गरेको अध्यक्ष चौधरीको भनाइ छ ।
उनका अनुसार बजारमा बेतको माग उच्च रहे पनि त्यो मागलाई पूरा गर्न सकिएको छैन । टीकापुरमा मात्रै बेत बाँसका फर्निचर उत्पादन गर्ने दर्जनौँ उद्योग सञ्चालनमा छन् । ती सबैको कच्चापदार्थको स्रोत त्यहीँ सामुदायिक वन हो । बर्सेनि कर्णाली नदीको कटानका कारण सामुदायिक वनको क्षेत्रफल खुम्चिँदै गएको छ । टीकापुर नगरपालिकाको दक्षिण पूर्वी क्षेत्र बर्सेनि जोखिममा पर्दै गएको छ । रासस

# सुडी समाजद्वारा सांसदलाई सम्मान



**काठमाडौं ।**
सुडी समाज काठमाडौंले राजनीतिक, सामाजिक तथा पत्रकारिता क्षेत्रमा महत्त्वपूर्ण योगदान पु¥याउने व्यक्तिहरूलाई सम्मान गरेको छ । सुडी समाज काठमाडौंद्वारा सोमबार आयोजित नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदान, सम्मान तथा क्यालेण्डर विमोचन समारोहमा सुडी समुदायबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित व्यक्तित्वहरूलाई सम्मान गरिएको हो ।

सम्मानित हुनेहरूमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदद्वय दीपककुमार साह र रास्वपाका सांसद रविन महतो तथा राष्ट्रिय समाचार समिति (रासस) का प्रधानसम्पादक शीतल प्रसाद महतो रहेका छन् ।

उनीहरूलाई सुडी समाज महासङ्घ नेपालका अध्यक्ष परमेश्वर महासेठ तथा समाजका पूर्व अध्यक्ष डा अशोक महासेठ र प्राडा रामनन्दनप्रसाद चौधरीले संयुक्त रूपमा दोसल्ला ओढाएर सम्मान–पत्रद्वारा सम्मान गरे । उक्त समारोहमा समाजद्वारा प्रकाशित नयाँ वर्ष–२०८३ को क्यालेण्डर विमोचन गरिएको थियो ।

सो अवसरमा पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री एवं सांसद दीपककुमार साहले मुलुकले अहिले आमूल परिवर्तन खोजेकाले आम नागरिकको भावनाअनुसारको परिवर्तनका लागि आफूहरू सदैव लागिरहने बताए ।

समाजको अग्रगामी रूपान्तरणका लागि नयाँ योजना एवं दृष्टिकोण आवश्यक रहेको तथा यसका लागि आफूले सक्दो सहयोग गर्ने उनले उल्लेख गरे ।

सांसद रविन महतोले समाजप्रति समर्पित भएर सुडी समुदाय र समाजको गरिमालाई उच्च राख्न सुडी समाजको भूमिका र समर्पण महत्पूर्ण रहेको उल्लेख गर्दै सुडी समुदायबीच मैत्रीपूर्ण एवं पारस्परिक सम्बन्ध कायम गर्ने तथा सामाजिक, शैक्षिक, आर्थिक, स्वास्थ्यलगायत क्षेत्रको विकास, उन्नयन र सुडी समुदायको कल्याणका लागि समाज सक्रिय रूपमा लाग्नुपर्ने आवश्यकता औँल्याए ।

सुडी समाज महासङ्घ नेपालका अध्यक्ष परमेश्वर महासेठले प्रतिनिधिसभामा अहिले अधिकांश युवापुस्ता निर्वाचित भएर आएकाले युवा वर्गमा देखिएको उत्साह र उमङ्गलाई मुलुकको विकास तथा सामाजिक रूपान्तरणमा लगाउनुपर्ने आवश्यकतामाथि जोड दिए । समाजका अध्यक्ष एवं राससका प्रधानसम्पादक शीतलप्रसाद महतोले जीवनका अधिकांश समय विभिन्न क्षेत्रमा क्रियाशील रही आफ्नो, ज्ञान र सीपलाई समाजोपयोगी कार्यमा लगानी गरेका व्यक्तित्वहरू यस समाजका धरोहर तथा मार्ग निर्देशकका रूपमा आदरणीय हुनुहुन्छ भन्दै समाजको अग्रगामी रूपान्तरणका लागि सबैले सकारात्मक सोचका साथ अघि बढ्नुपर्ने आवश्यकता औँल्याए ।

समाजका पूर्व अध्यक्ष डा अशोक महासेठ र प्राडा रामनन्दनप्रसाद चौधरी, समाजसेवी शान्ति महतो, तेली समाज काठमाडौं उपत्यकाका अध्यक्ष हरिषचन्द्र साह, समाजका उपाध्यक्ष शङ्करप्रसाद साह सुडी, महासचिव डा प्रकाशचन्द्र पञ्जियार, सचिव वीरेन्द्रकुमार साह, कोषाध्यक्ष विनोद महासेठ, समाजका महिला उपसमितिका संयोजक अञ्जु साह महासेठलगायतले समतामूलक समाज र सामाजिक न्याय स्थापनाका लागि सुडी समाजले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । रासस

# बसपार्क बाहिरबाट यातायात सेवा सञ्चालन गर्न नपाइने

**काठमाडौँ ।**
नयाँ बसपार्कबाट एकीकृत यात्रुवाहक सवारीसाधन सञ्चालन गर्न काठमाडौँ महानगरपालिकाले अन्तिम तीन दिन अवधि दिएको छ । महानगरपालिकाले गत चैत २५ गते सार्वजनिक सूचना प्रकाशन गरेर लामो र छोटो दुरीका बस सेवा बसपार्कभित्रबाट सञ्चालन गर्न अनुरोध गरेको थियो । यस अवधिमा भएका कामको समीक्षा र आगामी कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्न आज काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलको अध्यक्षतामा बैठक बसेको थियो ।

बैठकमा नुवाकोटतर्फ यातायात सञ्चालन गर्ने कम्पनी सम्पर्कमा आएको बताउँदै धादिङतर्फ यातायात सञ्चालन गर्ने कम्पनीले सूचनाको अवज्ञा गरेको जानकारी दिइएको थियो । यसरी महानगरपालिकाको सूचनालाई अवज्ञा गर्ने कम्पनीलाई तीन दिनभित्र एकीकृत प्रणालीमा आउन अन्तिम समय दिइएको हो ।

बैठकमा यातायात आवागमनको सहजता र सहरी सुरक्षासँग जोडिएको प्रणालीका विषयमा कार्यवाहक प्रमुख डंगोलले महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीलाई नेपाल प्रहरीसँग समन्वय गरेर अनुगमन गर्न निर्देशन दिए ।

बैठकमा अतिरिक्त प्रहरी महानिरीक्षक ईश्वर कार्कीले सहरी सुरक्षालाई जनशक्तिबाट भन्दा पनि प्रविधिबाट निगरानी बढाउँदै लैजानु पर्ने बताएका थिए । प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले गुण्डागर्दी विरुद्धको अभियानले अनधिकृत काम गर्नेको संख्यामा कमी आएको जानकारी गराएका थिए ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख नवराज अधिकारीले, सडक संकेत र सडक अनुशासन पालना गराउन महानगरपालिका र ट्राफिक प्रहरीका बिचमा समन्वयात्मक कार्यक्रमलाई बढाउनु पर्नेमा जोड दिनुभएको थियो । सार्वजनिक सवारी साधनको पार्किङ, टिकट काउण्टर सञ्चालन, यात्रु चढाउने र ओराल्ने क्रियाकलाप, सार्वजनिक यातायात सञ्चालन तथा व्यवस्थापनका विषयमा छलफल भएको थियो ।

प्रहरी नायव उपरीक्षक सुनिलज्ङग शाहका अनुसार काठमाडौँबाट दैनिक औसतमा सात सय वटा सार्वजनिक यातायातका साधन बाहिरिन्छन् । तीमध्ये करिब ३५० वटा बसपार्क बाहिरै पार्किङ गर्ने, यात्रु चढाउने तथा ओराल्ने गर्छन् । काठमाडौँमा सवारी साधन व्यवस्थापनका चुनौतीमध्ये यो प्रमुख समस्या बनेको छ ।

ल्होत्से वहुउद्देश्यीय प्रालिका मानव संशाधन प्रमुख पङ्कज मल्लका अनुसार नयाँ बसपार्कभित्रबाट अहिले ५७ वटा कम्पनीका सवारी साधन सञ्चालन हुन्छन् । लामो दुरीको एउटा सवारी साधन नौ घण्टा पार्किङ् गरेको ४५० रुपियाँ शुल्क लिने गरिएको छ । मध्यम तथा छोटो दुरीका माइक्रो बसको २२० रुपियाँ लिने गरिएको मल्लको भनाइ छ । बसपार्कबाट औसतमा दैनिक यस ठाउँबाट ३४० वटा गाडी आउने जाने गर्छन् । नयाँ बसपार्क क्षेत्र १६१ रोपनी क्षेत्रफलमा फैलिएको छ । यसमा ७५० वटा सवारी साधन व्यवस्थापन गर्न सकिन्छ । रासस

# बालअधिकार उल्लङ्घनका घटना अन्त्यका लागि प्रभावकारी खबरदारीमा जोड




**काठमाडौँ ।**
बाल विवाह, बालश्रमलगायत बालअधिकार उल्लङ्घनका घटना अन्त्यका लागि प्रभावकारी खबरदारी र समाचार सम्प्रेषण गरिनुपर्नेमा जोड दिइएको छ । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) द्वारा आज यहाँ आयोजित ‘बाल अधिकार संरक्षण र सम्वद्र्धनमा सञ्चारकर्मीको भूमिका’ विषयक कार्यक्रममा अभियानकर्मी, पत्रकारिताका प्राध्यापक तथा विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिले योजनाबद्ध र परिणामूलक काम गरिनुपर्नेमा जोड दिएका हुन् ।

मौलिक हकका रूपमा रहेको शिक्षा, स्वास्थ्य, पोषणलगायत विषयमा निरन्तर आवाज उठाइरहनुपर्नेमा जोड दिँदै वक्ताहरूले अन्तरराष्ट्रिय बालअधिकार अभिसन्धि, मुलुकको संविधान र कानुनअनुसार बालबालिकाले बाँच्न पाउने, विकास, संरक्षण र सहभागिताका सवालमा भएका कार्य सकारात्मक रहे पनि पर्याप्त नभएको जनाए । त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख डा कुन्दन अर्यालले बालअधिकारका सवालमा सरकारी, गैरसरकारी तथा सञ्चार क्षेत्रबाट काम हुँदै आए पनि अधिकार उल्लङ्घनका घटना अन्त्य हुन नसक्नुका कारण पहिल्याएर अघि बढ्न सुझाव दिए । उनले बालबालिकाका सवालमा सरकारलाई जिम्मेवार बनाउन सञ्चारमाध्यमहरू संवेदनशील हुनुपर्नेमा भन्दै प्रेस काउन्सिल नेपालबाट जारी भएको ‘बालमैत्री सञ्चार निर्देशिका, २०७३’ को कार्यान्वयनमा जोड दिए ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले सरकारले बालबालिकासम्बन्धी ऐनलाई परमार्जित र एकीकृत रूपमा ल्याउनुपर्ने बताए । उनले बालबालिकालाई राष्ट्रिय गौरवका आयोजनामा समाविष्ट गरिनुपर्ने, बालबालिका बजेट ‘कोड’ कायम गरिनुपर्ने, बाल विवाह अन्त्यको रणनीति प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिए । बालबालिकासम्बन्धी सवाल हेर्ने छुट्टै आयोग वा राष्ट्रिय मानवअधिकार आयोगमा आयुक्त हुनुपर्नेमा सरकारलाई ध्यानाकर्षण गराए । प्लान इन्टरनेसनल नेपालका नीति पैरवी व्यवस्थापक इर्साद अन्सारीले बालअधिकार संरक्षण र सम्बद्र्धनका लागि सरकार, गैरसरकारी क्षेत्र र सञ्चारक्षेत्रको सहकार्य आवश्यक रहेको बताए । छलफलमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का सूचना अधिकारी कृष्ण गौतम, राससका वरिष्ठ समाचारदाता प्रकाश सिलवाल, नेपाल टेलिभिजनका समाचार सम्पादक देवीप्रसाद सापकोटा, मूलखबर डटकमका सम्पादक सन्तोष पौडेललगायतले आफ्ना अनुभव प्रस्तुत गरेका थिए । रासस

# भूमिसुधार तथा मालपोतमा टोकन प्रणाली




**भद्रपुर ।**
भद्रपुरस्थित भूमिसुधार तथा मालपोत कार्यालयले सेवा प्रवाहलाई व्यवस्थित, छरितो र पारदर्शी बनाउन टोकन प्रणाली लागू गरेको छ । कार्यालयले अनधिकृत व्यक्तिको प्रवेशमा कडाइ गर्दै सेवाग्राहीमैत्री सेवा सुदृढ गर्ने उद्देश्यले सोमबार देखि उक्त प्रणाली कार्यान्वयनमा ल्याएको हो । कार्यालयका सूचना अधिकारी मोहनसिंह दर्जीका अनुसार सेवाग्राहीले भोग्दै आएको भिडभाड तथा लामो समयसम्म पर्खिनुपर्ने समस्यालाई कम गर्न टोकन प्रणाली लागू गरिएको हो । जनशक्ति, क्षमता र संरचनालाई ध्यानमा राखी दैनिक सेवा व्यवस्थापन गरिने उनले बताए ।

उनका अनुसार ६ मोठ फाँटबाट प्रत्येकमा २५ टोकन वितरण गरिनेछ । यसअनुसार दैनिक करिब १५० लिखत पारित तथा निर्णयसम्बन्धी कार्य टोकन प्रणालीमार्फत सञ्चालन हुनेछन् । सूचना अधिकारी दर्जीका अनुसार टोकन बिहान ९ बजे दर्ता–चलानी शाखा र नागरिक सहायता कक्षबाट वितरण गरिनेछ । सेवा लिन आउने सेवाग्राहीले आवश्यक कागजातसहित स्वयं उपस्थित हुनुपर्ने व्यवस्था गरिएको छ । सेवा प्रवाहको क्षमता र विस्तारसँगै आगामी दिनमा टोकन सङ्ख्या बढाउने योजना रहेको उनले बताए ।

टोकन प्रणालीमार्फत लिखत पारित, संशोधन, नामसारी, दाखिला खारेज, प्रतिलिपि, रोक्का तथा अद्यावधिकसम्बन्धी सेवा प्रदान गरिनेछ । फुकुवा, वर्गीकरण, स्रेस्ता उतार, हालसाबिक तथा भूमिसुधार फाँटसम्बन्धी कार्यका लागि भने टोकन आवश्यक नपर्ने सूचना अधिकारी दर्जीले बताए । यसैबीच कार्यालय परिसरमा अनधिकृत व्यक्तिको प्रवेशमा कडाइ गरिएको छ । सेवाग्राहीले अब परिचय खुल्ने कागजात देखाएर मात्र कार्यालय प्रवेश पाउने व्यवस्था गरिएको सूचना अधिकारी दर्जीले बताए ।

सेवाग्राहीको काम सहजीकरणको लागि आवश्यक परेमा मात्र भू–सेवा सञ्चालक, कानुन व्यवसायी तथा लेखापढी व्यवसायीलाई प्रवेश अनुमति दिइने छ । यस्ता व्यक्तिले कार्यकक्षभित्र अनियमित गतिविधि दोहो¥याए थप कडाइ गरिने कार्यालयले जनाएको छ । रासस

# चलचित्र पत्रकार सङ्घको अध्यक्षमा पुनः बलामी

**काठमाडौं ।**
चलचित्र पत्रकारहरूको साझा संस्था चलचित्र पत्रकार सङ्घ नेपालको अध्यक्षमा पुनः समीर बलामी निर्वाचित भएका छन् । यहाँ सम्पन्न २७औँ वार्षिक साधारणसभा तथा १०औँ महाधिवेशनबाट उनी दोस्रो पटक अध्यक्षमा निर्वाचित भएका हुन् ।

सङ्घको सङ्गठन उपाध्यक्षमा रघुनाथ सापकोटा तथा कार्यक्रम उपाध्यक्षमा कुमार आचार्य, महिला उपाध्यक्षमा दीपज्योति थापा, महासचिवमा गोपिकृष्ण चापागाईँ, खुल्लातर्फ सचिवमा मदन रिजाल, समावेशी सचिवमा मोहम्मद जालिम, कोषाध्यक्षमा मनिष अन्जान (दाहाल) तथा सह–कोषाध्यक्षमा अर्जुन गुरागाईँ निर्वाचित भएका छन् ।


यसैगरी सङ्घको सदस्यमा युवर्ण पौडेल, रतनबहादुर चन्द, सोजना लोहार, सुशील नेपाल, दिनेश थापा, नविन चापागाईँ, दीपराज क्षेत्री र सालिकराम न्यौपानेलाई चयन गरिएको सङ्घका महासचिव चापागाईँले जानकारी दिए । रासस

# वसुन्धराश्री पुरस्कार: साहित्यकार चन्द र मानश्री पुरस्कार आनन्द अरुणलाई

**काठमाडौं ।**
वसुन्धरा–मान प्रज्ञाप्रतिष्ठानले यस वर्षको वसुन्धराश्री पुरस्कार वरिष्ठ साहित्यकार लोकेन्द्रबहादुर चन्दलाई प्रदान गर्ने भएको छ । प्रज्ञाप्रतिष्ठानका कुलपति डा दुबसु क्षेत्रीका अध्यक्षतामा आइतबार बसेको बैठकले उक्त निर्णय गरेको हो ।

उत्कृष्ट आधुनिक कथा, नाटक र निबन्धको सिर्जनाद्वारा नेपाली साहित्यलाई सार्थक, समृद्ध र समुन्नत बनाई नेपाली वाङ्मयलाई वैभवशाली तथा गरिमामय बनाउन विशिष्ट योगदान गरी विश्व समुदायमा नेपाली भाषा र साहित्यको स्थान तथा पहिचान उच्च र अक्षुण्ण राख्न योगदान दिएकाले वरिष्ठ साहित्यकार चन्दलाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरिएको प्रज्ञाप्रतिष्ठानका सदस्य–सचिव कृसु क्षेत्रीले जानकारी दिए ।

विसं १९९७ मा बैतडीमा जन्मिएका वरिष्ठ साहित्यकार एवं पूर्वप्रधानमन्त्री चन्दका विसर्जन, हिउँको तन्ना, बाह्रौँ खेलाडी, अपराजिता र ‘नेताका साथी’लगायत कृति प्रकाशित छन् ।



यसैगरी, प्रज्ञाप्रतिष्ठानको बैठकले यस वर्षको मानश्री पुरस्कार बोधिसव स्वामी आनन्द अरुणलाई प्रदान गर्ने निर्णय गरेको छ । नेपाल तथा विश्वका विभिन्न मुलुकमा योग, ध्यान र आध्यात्मिक दर्शन तथा साहित्यको विकास र विस्तारद्वारा नेपाली वाङ्मय तथा सभ्यताको उन्नयनमा महत्वपूर्ण योगदान दिएर विश्वसमुदायमा नेपाली अध्यात्म, दर्शन र सभ्यताको विशिष्ट स्थान, पहिचान तथा सम्मान अभिवृद्धिमा योगदान दिएकाले स्वामी आनन्द अरुणलाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरिएको प्रज्ञाप्रतिष्ठान सदस्य–सचिव कृसु क्षेत्रीले जानकारी दिए ।

विसं २००१ मा जनकपुरमा जन्मिएका आनन्द अरुणका अन्तरयात्रा, सन्तगाथा, सन्तदर्शन र ‘अचम्म जे देखेँ मैले’ लगायतका कृति प्रकाशित छन् । आनन्द अरुणका कृतिहरू अङ्ग्रेजी, हिन्दी, जापानी र रुसी भाषामा समेत अनूदित छन् । दुवै पुरस्कारको राशि जनही रु ७५ हजारसहित सम्मान पत्र रहेको छ । रासस

# वीरगंजमा सडक विस्तारले गति लियो

## विकासको सुरुवातसँगै सयौँ परिवार विस्थापित



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा वर्षौंदेखि थाँती रहेको सडक विस्तार योजना अन्ततः कार्यान्वयनमा प्रवेश गरेको छ । त्रिभुवन राजपथ अन्तर्गत गण्डक चोकदेखि मितेरी पुलसम्मको खण्डमा अतिक्रमण हटाउने अभियान तीव्र बनाइएपछि सहरले विकासको नयाँ चरणतर्फ पाइला चालेको देखिएको छ । आइतबार बिहानैदेखि प्रशासनले डोजर परिचालन गर्दै २५÷२५ मिटरको मापदण्डअनुसार सडक फराकिलो बनाउने कार्य सुरु गरेको हो ।

अभियानअन्तर्गत सयौँ घर, पसल र टहरा हटाइएका छन्, जसले लामो समयदेखि रोकिएको योजनालाई गति दिएको छ । तर यही प्रक्रिया धेरै स्थानीयका लागि पीडादायी बनेको छ । सडक विस्तारले दीर्घकालमा ट्राफिक व्यवस्थापन सहज बनाउने, व्यापारिक गतिविधि सुदृढ गर्ने र सहरको सौन्दर्य बढाउने अपेक्षा गरिएको छ । यद्यपि, तत्कालीन अवस्थामा भने प्रभावित परिवारहरू घरबारविहीन हुने, रोजगारी गुम्ने र दैनिक जीवन अस्तव्यस्त हुने चुनौतीसँग जुधिरहेका छन् ।

छोटो समयको सूचनामा गरिएको तोडफोडका कारण धेरैले आफ्ना सामान सुरक्षित राख्न वा वैकल्पिक व्यवस्था गर्न नपाएको गुनासो गरेका छन् । साना व्यवसायी, मजदुर तथा दैनिक ज्यालादारीमा निर्भर वर्ग सबैभन्दा बढी मारमा परेका छन् । सडक डिभिजन कार्यालयका अनुसार अदालतको निर्णयपछि वर्षौंदेखिको विवाद समाधान हुँदै योजना अघि बढाइएको हो । यसअघि पटक–पटक सूचना जारी भएपनि कार्यान्वयन हुन सकेको थिएन । तर, केवल १२ घण्टाको सूचनापछि सुरु गरिएको अभियानका कारण आइतबारदेखि सोमबार दिउँसोसम्म विद्युत् आपूर्ति अवरुद्ध हुँदा सर्वसाधारणले थप सास्ती खेप्नुपरेको बताइएको छ । यसले पानी, सञ्चार र दैनिक कामकाजमा समेत असर पारेको स्थानीयहरूको भनाइ छ ।

अर्कोतर्फ, केही स्थानीयले भने सहरको दीर्घकालीन विकासका लागि यस्तो कदम अपरिहार्य रहेको तर्क गरेका छन् । उनीहरूका अनुसार समयमै योजना सम्पन्न भए वीरगंजलाई आधुनिक र व्यवस्थित सहरको रूपमा रूपान्तरण गर्न सकिने विश्वास छ । वीरगंज महानगरपालिकाले हालसम्म करिब १ हजार २ सय संरचना हटाइसकिएको जनाएको छ । विस्तार क्षेत्रमा सरकारी र निजी दुवै प्रकारका भवन परेका छन् । यद्यपि, सडक विस्तारले सहरको भविष्य उज्यालो बनाउने आशा जगाए पनि विस्थापितहरूको पुनर्स्थापना, मुआब्जा तथा व्यवस्थापनबारे स्पष्ट योजना सार्वजनिक नहुँदा यो विषय अझै पनि बहसको केन्द्रमा रहेको छ ।

# बाराको पचरौता नगरपालिकाः

## भ्रष्टाचार मुद्दामा वडाध्यक्षसहित ७ जनाले पाए सफाइ




**मधेशदृष्टि**
**कलैया ।**
बाराको पचरौता नगरपालिका–६ का वडाध्यक्ष मकबुल मिया अन्सारीसहित सात जनाले भ्रष्टाचार मुद्दामा सफाइ पाएका छन् । विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा न्यायाधीशद्वय हेमन्त रावल र उमेश कोइरालाको इजलासले ज्येष्ठ नागरिक भत्ता अनियमितता सम्बन्धी मुद्दामा अन्सारीसहितका प्रतिवादीलाई सफाइ दिएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८२ माघ ६ गते वडाध्यक्ष अन्सारी, तीन जना तत्कालीन वडा सचिव तथा तीन जना भत्ता बुझ्ने लाभग्राहीविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो ।

अभियोगपत्रमा उमेरभन्दा बढी उमेर देखाएर ज्येष्ठ नागरिक भत्ता वितरण गरिएको उल्लेख गरिएको थियो । नागरिकताको प्रतिलिपिमा जन्ममिति केरमेट गरी गलत विवरण पेश गर्दै राज्यलाई हानी–नोक्सानी पु¥याएको आरोप लगाइएको थियो । मुद्दामा तत्कालीन वडा सचिवहरू राजारामप्रसाद साह, पिटर थारु र सङ्गीता घिमिरेले केरमेट गरिएको नागरिकता तथा नक्कली विवरणका आधारमा विद्युतीय अभिलेखमा प्रविष्ट गरी भत्ता वितरणमा सहयोग गरेको अभियोग थियो । अख्तियारले वडाध्यक्ष अन्सारीसँग चार लाख ७६ हजार रुपैयाँ, वडा सचिव साहसँग दुई लाख ५२ हजार, घिमिरेसँग एक लाख ४० हजार र थारुसँग ८४ हजार रुपैयाँ बिगो माग दाबी गरेको थियो ।

# सरुवा विवादपछि शाखा अधिकृत घिमिरेको राजीनामा

## निजामती वृत्तमा तरंग



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबारमा कार्यरत शाखा अधिकृत गणेश घिमिरेले निजामती सेवाबाट राजीनामा दिएका छन् । 'जेन जेड' पुस्ताका कर्मचारीहरूलाई नेतृत्व गर्दै सार्वजनिक प्रशासन रूपान्तरण अभियान–२०८२ अघि बढाइरहेका उनले हालै भएको सरुवा निर्णयप्रति असन्तुष्टि जनाउँदै पद त्याग गरेका हुन् ।

सरकारले उनलाई अछाममा सरुवा गरेपछि घिमिरेले सोमबार आयोगका सचिव दिनेश कुमार घिमिरेसमक्ष हस्तलिखित राजीनामा पत्र बुझाएका छन् । उनले आफ्नो पत्रमा २०६७ सालदेखि निरन्तर रूपमा निजामती सेवामा रही विभिन्न निकायमा जिम्मेवारी सम्हाल्दै आएको उल्लेख गरेका छन् ।

नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहअन्तर्गत राजपत्र तृतीय श्रेणीका शाखा अधिकृत रहेका उनले निजामती सेवा नियमावली, २०५० को नियम १२८ अनुसार सोमबारदेखि लागू हुने गरी स्वेच्छिक रूपमा पद त्याग गरेको स्पष्ट पारेका छन् । साथै, राज्यको सेवा गर्ने अवसर दिएकोमा उनले नेपाल सरकारप्रति कृतज्ञता पनि व्यक्त गरेका छन् ।

घिमिरे विगत केही समयदेखि सार्वजनिक प्रशासनमा सुधारका विभिन्न एजेन्डा उठाउँदै 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान–२०८२' सञ्चालन गर्दै आएका थिए । हालै सरकारले स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत हटाई स्थायी पदपूर्तिको प्रक्रिया अघि बढाउँदा उनी अछाम सरुवा भएका थिए ।

उनको राजीनामापछि निजामती क्षेत्रमा नयाँ बहस सुरु भएको छ, जहाँ सरुवा नीति, कर्मचारीको मनोबल र प्रशासनिक सुधारका विषय फेरि चर्चामा आएका छन् ।

# पर्सा राष्ट्रिय निकुञ्जमा

## वन्यजन्तु उद्धार केन्द्र संचालन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा राष्ट्रिय निकुञ्जमा वन्यजन्तु संरक्षणलाई थप प्रभावकारी बनाउने उद्देश्यले वन्यजन्तु उद्धार केन्द्र सञ्चालनमा ल्याइएको छ । ३१औँ वन्यजन्तु सप्ताह २०८३ को अवसरमा आयोजित कार्यक्रममा सरोकारवालाबीच अन्तरक्रिया गर्दै संरक्षण अभियानलाई सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरिएको हो ।

'सुरक्षित मानिस, संरक्षित वन्यजन्तु' भन्ने मूल नारासहित स्थापना गरिएको उक्त उद्धार केन्द्रले घाइते, बस्तीमा पसेका तथा जोखिममा परेका वन्यजन्तुको उद्धार, उपचार र पुनःस्थापनामा महत्वपूर्ण योगदान पु¥याउने विश्वास लिइएको छ । निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाले संरक्षण कार्यमा स्थानीय समुदायको सहभागिता बढ्दै जानु सकारात्मक पक्ष भएको बताए ।

उनले विकास र संरक्षणबीच सन्तुलन कायम गर्नु अहिलेको प्रमुख चुनौती भएको उल्लेख गरे । उद्धार केन्द्र (हात्तीसार) को उद्घाटन राजन पौडेलले गरेका हुन् । उनले स्थानीय तह र निकुञ्ज प्रशासनबीच सहकार्य अझ सुदृढ बनाउनुपर्नेमा जोड दिँदै आवश्यक पर्दा नगर प्रहरी र पशु चिकित्सकमार्फत सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा सहभागीहरूले मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण, अवैध सिकार नियन्त्रण तथा प्राकृतिक स्रोतको दिगो उपयोगमा विशेष ध्यान दिनुपर्ने धारणा राखेका थिए । साथै सञ्चारकर्मीहरूलाई तथ्यपरक र जिम्मेवार सामग्रीमार्फत संरक्षण सन्देश जनस्तरसम्म पु¥याउन आग्रह गरिएको थियो । कार्यक्रमअघि सञ्चारकर्मीहरूलाई निकुञ्ज क्षेत्रको स्थलगत अवलोकन गराइएको आयोजकले जनाएको छ ।

# बर्दिवासमा दुर्लभ राजगोमन सर्पको सफल उद्धार



**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिबास नगरपालिका–३ राजाबास गाउँबाट करिब ११ फिट लामो र झण्डै ६ किलोग्राम तौल भएको दुर्लभ राजगोमन सर्पको सफल उद्धार गरिएको छ । बाख्राको खोर नजिकै राखिएको दाउराको थुप्रोमुनि लुकेर बसेको अवस्थामा उक्त सर्प फेला परेको थियो । मिथिला वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलका अनुसार ट्रस्टका सुबोध आचार्य, गौतम मण्डल तथा सबडिभिजन वन कार्यालय लालगढको संयुक्त टोलीले सर्पलाई सुरक्षित रूपमा नियन्त्रणमा लिएको हो ।

उद्धारपछि सर्पलाई नजिकैको सामुदायिक वन क्षेत्रमा लगेर पुनःस्थापना गरिएको छ । अध्यक्ष मण्डलका अनुसार चुरे क्षेत्र राजगोमन सर्पको प्राकृतिक बासस्थान भएकाले सोही वातावरणमा छोडिएको हो ।

उद्धार टोलीले स्थानीय बासिन्दालाई सर्पको बानी–व्यवहार, यसको वातावरणीय महत्व तथा यस्ता सर्प देखिएमा सुरक्षित रूपमा व्यवस्थापन गर्ने उपायबारे सचेतना समेत प्रदान गरेको जनाएको छ । राजगोमन सर्प विश्वकै सबैभन्दा लामो विषालु सर्पमध्ये एक मानिन्छ । यसको संरक्षण जैविक विविधता सन्तुलनका लागि अत्यन्त महत्वपूर्ण रहेको संरक्षणकर्मीहरूले बताएका छन् ।

# १०० रुपैयाभन्दा बढिको सामान भन्सार शुल्क

## नेपाल–भारत सीमा क्षेत्रमा तनाव बढ्दै



**मधेशदृष्टि**
**वीरगंज।**
भारतबाट खरिद गरिएका एक सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार महसुल लागू गरिएपछि नेपाल–भारत सीमावर्ती नाकाहरूमा तनाव बढ्दै गएको छ। पछिल्ला दिनहरूमा सुरक्षा जाँच कडा पारिँदा सर्वसाधारण र सुरक्षाकर्मीबीच विवाद, धकेलाधकेल तथा झडपका घटना समेत देखिन थालेका छन्।

सरकारले राजस्व चुहावट नियन्त्रण गर्ने र अवैध आयात रोक्ने उद्देश्यले यो नियम कडाइका साथ कार्यान्वयनमा ल्याएको हो । सशस्त्र प्रहरीले नाकाहरूमा माइकिङ गर्दै सर्वसाधारणलाई सचेत गराइरहेको छ भने १०० रुपैयाँभन्दा माथिका सामानमा अनिवार्य भन्सार तिर्नुपर्ने व्यवस्था लागू गरिएको छ । तर, सीमावर्ती क्षेत्रका बासिन्दाहरू भने यस निर्णयप्रति असन्तुष्ट छन्।

दैनिक उपभोग्य सामग्री सस्तो पाइने भारतीय बजारमा निर्भर रहेका स्थानीयहरूले यो नियमलाई अव्यावहारिक र जनविरोधी भएको टिप्पणी गरेका छन्।

महँगी बढिरहेको अवस्थामा सानो किनमेलमै कर लगाउनुले जीवनयापन झनै कठिन भएको उनीहरूको गुनासो छ । नाकामा कडाइ बढेपछि भारततर्फ किनमेल गर्न जानेहरूको संख्या घट्दै गएको छ भने त्यहाँका बजारसमेत प्रभावित हुन थालेका छन्।

# सर्वोच्चको फैसलाअनुसार मेनरोड विस्तार

## अधिवक्ता पटेलको स्पष्ट धारणा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मुख्य सडक (मेनरोड) विस्तार अन्ततः कार्यान्वयनको चरणमा पुगेको छ । अधिवक्ता चन्द्रिका पटेलले सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै हाल भइरहेको संरचना हटाउने कार्य कुनै हुकुमी शैली वा दमन होइन, बरु सर्वोच्च अदालतको आदेशअनुसार अघि बढाइएको प्रक्रिया भएको स्पष्ट पारेका छन् ।

उनका अनुसार यो अभियान न त राजनीतिक शक्ति प्रदर्शन हो, न राज्यद्वारा गरिएको आतंक, बल्कि विधिको शासन कार्यान्वयनको प्रत्यक्ष उदाहरण हो । 'लोकतान्त्रिक व्यवस्थामा कानुनभन्दा माथि कोही हुँदैन न सरकार, न नागरिक,' भन्ने उनको भनाइ छ ।

पटेलले मेनरोड विस्तारको आधार हालको सरकार नभई २०७६ सालमै गरिएको निर्णय भएको उल्लेख गरेका छन् । उनले प्रस्तुत गरेको तथ्यअनुसार २०३४ सालमै राजपत्रमा प्रकाशित सूचनाले वीरगंजको मुख्य सडकको दायाँ–बायाँ २५÷२५ मिटर क्षेत्रलाई सडक सीमा तोकेको थियो ।

त्यसपछि २०७६ भदौ ६ गते सडक विभागअन्तर्गत व्यापारिक मार्ग विस्तार आयोजना, वीरगंज–पथलैया सडक कार्यालयले उक्त सीमाभित्रका संरचना हटाउन सूचना जारी गरेको थियो । सो निर्णयविरुद्ध मुआब्जा माग गर्दै दायर गरिएको रिट (०७७–डब्लु ओ–०७३३) लाई सर्वोच्च अदालतले २०८१ फागुन २८ गते खारेज गरेपछि बाटो खुलेको हो ।

अदालतको उक्त फैसलापछि सडक डिभिजन कार्यालय हेटौंडाले अहिले वीरगंजमा संरचना हटाउने काम अघि बढाएको छ । यद्यपि, पटेलले व्यवसायी तथा स्थानीयलाई तयारीका लागि केही समय दिइएको भए अझ उपयुक्त हुने धारणा राखेका छन् । उनका अनुसार 'केही दिनको समय दिएको भए झन् राम्रो सन्देश जाने थियो ।'

ढिलाइ भएपनि अन्ततः सही निर्णय कार्यान्वयनमा आएको उल्लेख गर्दै उनले अब राज्यले अभिभावकीय भूमिका निर्वाह गर्दै सहरको समग्र विकासलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् । '२०७६ मा सुरु हुन नसकेको काम २०८३ मा भएपनि सहरको हितका लागि सकारात्मक कदम हो,' भन्ने उनको निष्कर्ष छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन